# क्षमता विकास योजना-२०८१




बेनी नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
बेनी, म्यागदी

# बेनी नगरपालिकाको क्षमता विकास योजना

## Capacity Development Plan (CD Plan) of Beni Municipality

<u>आर्थिक सहयोगः</u>

**प्रदेश प्रशिक्षण प्रतिष्ठान**

प्रदेश तथा स्थानीय शासन सहयोग कार्यक्रम,

**पोखरा, गण्डकी प्रदेश**

<u>प्राविधिक सहजीकरण</u>

प्रज्ञा रिसर्च एण्ड डेभलपमेन्ट कन्सल्टेन्ट प्रा.लि.

बुढानिलकण्ठ, काठमाण्डौ


टोली नेताः लिलाधर सुवेदी

क्षमता विकास विज्ञः पुरुषोत्तम खतिवडा

# मन्तव्य

# विषयसूची


**भाग एक - क्षमता विकास योजनाको परिचय ........ १**

१.१ परिचय ........ १

१.२ क्षमता विकास योजनाको लक्ष्य ........ २

१.३ क्षमता विकास योजनाका प्रमुख उद्देश्यहरू ........ २

१.४ क्षमता विकास योजनाका नीति गत तथा कानुनी आधारहरू ........ २

१.५ क्षमता विकास योजनाको औचित्य ........ ३

१.६ क्षमता विकास योजनाको कार्यक्षेत्र ........ ३

१.७ क्षमता विकास योजना तर्जुमाका अपेक्षित नतिजाहरू ........ ४

१.८ क्षमता विकास योजना तर्जुमाका सीमा तथा मान्यताहरू ........ ४

**भाग दुई - क्षमता विकास योजना तर्जुमाका विधि, अध्ययन क्षेत्र तथा अनुगमन र मूल्याङ्कन ........ ६**

२.१ क्षमता विकास योजना तर्जुमाका विधिहरू ........ ६

२.१.१ संस्थागत क्षमता विकास योजना ........ ७

२.१.२ मानव संसाधन विकास योजना ........ ९

२.३ तथ्याङ्क सङ्कलन ........ ११

२.४ तथ्याङ्क विश्लेषण तथा नतिजा प्रस्तुति ........ १३

२.५ क्षमता विकास योजना कार्यान्वयन रणनीति तर्जुमा ........ १३

२.६ क्षमता विकास योजना स्वीकृति ........ १३

२.७ क्षमता विकास योजनाको कार्यान्वयन ........ १३

२.८ क्षमता विकास योजनाको अनुगमन तथा मूल्याङ्कन ........ १३

**भाग तीन - नगरपालिकाको क्षमता विकास योजनाको प्रतिफल तथा निचोड ........ १४**

३.१ नगरपालिकाको वर्तमान साङ्गठनिक अवस्था ........ १४

३.२ क्षमता विकास योजनाको भूमिका ........ १५

३.३ परामर्श बैठकका उपलब्धिहरू ........ १५

३.४ सबल पक्ष, सुधार गर्नुपर्ने पक्ष, अवसर र चुनौतीको विश्लेषण ........ १८

३.५ नगरपालिकाको संस्थागत क्षमता विकास योजना विश्लेषणको अवस्था ........ २५

३.६ सङ्गठनात्मक तथा संस्थागत क्षमता स्व मूल्याङ्कनको लेखाजोखा ........ ३१

३.७ क्षमता विकास सम्बन्धी सञ्चालित गतिविधिहरू ........ ३३

३.८ संस्थागत क्षमता विकास योजना ........ ३४

३.९ क्षमता विकास योजना कार्यान्वयनका सिद्धान्तहरू ........ ४७

३.१० क्षमता विकास योजना कार्यान्वयनका रणनीतिहरू ........ ४७

३.११ क्षमता विकास योजना अनुगमन तथा कार्यान्वयन समन्वय समिति ........ ४७

**भाग चार - निष्कर्ष र सुझाव ...... ४८**
४.१ निष्कर्ष ...... ४८
४.२ सुझाव ...... ४९

**अनुसूचीहरू ...... ५१**
अनुसूची १- नगरपालिकामा आयोजना गरिएको प्रारम्भिक अभिमुखीकरण गोष्ठीको उपस्थिति विवरण ...... ५१
अनुसूची २ — प्रारम्भिक छलफल तथा अन्तरक्रिया कार्यक्रममा सहभागिताका केही झलकहरू ...... ५२
अनुसूची ३ — सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयबाट जारी कर्मचारी सङ्गठनको तेरिज ...... ५४
अनुसूची ४ — जनप्रतिनिधिको विवरण ...... ५८
अनुसूची ५ - कर्मचारीहरूको विवरण ...... ६२
अनुसूची ६ - संस्थागत क्षमता विकासका लागि प्रारम्भिक छलफलमा गठित समूहगत समितिहरू ...... ६९
अनुसूची ७ - बेनी नगरपालिकाद्धारा पारित ऐन तथा कार्यविधिहरू ...... ७०
अनुसूची ८ - स्थानीय सरोकारवाला (लाभ/सेवा ग्राही, सेवा प्रवाह गर्ने व्यक्ति तथा निकाय) सँग लिएको अभिमत/प्रतिक्रिया/सुझाव मिति सहित ...... ७३

## तालिकासूची

तालिका १: परामर्श बैठकका नतिजाहरू ........................................................................ १५
तालिका २: SWOT विश्लेषणको नतिजा ........................................................................ १८
तालिका ३: नगरपालिकाको संस्थागत क्षमता विकास योजना विश्लेषण ........................................ २५
तालिका ४: सङ्गठनात्मक तथा संस्थागत क्षमताको लेखाजोखाबाट प्राप्त संक्षिप्त अङ्क भार ........................ ३२
तालिका ५: लेखाजोखा गर्दा अपनाइएको स्तर निर्धारणका मापदण्डहरू ............................................ ३२
तालिका ६: बेनी नगरपालिका को ३ वर्षे (२०८१/०८२ देखि २०८३/०८४) क्षमता विकास योजना ... ३६

## चित्रसूची

चित्र १: संस्थागत विकास योजना विश्लेषणको अवस्था (आ.व. २०७९/०८०)- माकुरी जालोमा.............. ३३

# भाग एक - क्षमता विकास योजनाको परिचय

## १.१ परिचय

नेपालको संविधानले राज्य शक्तिको प्रयोग सङ्घ, प्रदेश र स्थानीय गरी तीन तहको संरचनाबाट हुने व्यवस्था गरी सबै तहको छुट्टाछुट्टै एवम् साझा अधिकारहरूको खाका स्पष्ट गरी निर्धारण गरेको छ । सबै तहका सरकारलाई जनताको नजिक राखी शक्ति र स्रोतमाथि नागरिकको पहुँच स्थापित गर्ने र विकास एवम् सेवा प्रवाहमा स्थानीय सहभागिता र स्वामित्व कायम गर्ने व्यवस्थाको परिकल्पना संविधानले गरेको छ । संविधान अनुसार गठन भई सञ्चालन हुँदै आएका स्थानीय सरकारहरूले आफ्नो भूमिकालाई निर्वाह गर्दै जबाफदेहीलाई दिगो रूपमा वहन गर्न उनीहरूले काम गर्ने तौर तरिका तथा योजना तर्जुमाको शैली र चिन्तनलाई परिवर्तित सन्दर्भ अनुरूप प्रभावकारी र परिणाम मुखी बनाउन आवश्यक छ । अतः यीनै विषयहरूलाई सम्बोधन गर्न स्थानीय सरकारका अवयवहरूको (संस्थागत र सङ्गठनात्मक व्यवस्था, मानव संसाधन तथा भौतिक पूर्वाधार) क्षमतामा सुधार ल्याउन आवश्यक छ । मानवीय सीप र क्षमताको अधिकतम उपयोग गर्दै कार्य सम्पादनमा नयाँ पन तथा शैलीलाई सिर्जनशील एवं परिणाम मुखी बनाउन प्रयास नभए सम्म सेवा प्रवाह गर्ने निकायहरूको संस्थागत क्षमताको दीर्घकालीन विकास हुँदैन । स्थानीय सरकारद्वारा प्रवाह गरिएका सेवा सुविधा तथा वस्तुहरूको आम नागरिकका अपेक्षा तथा चाहना अनुरूपका हुन सकेनन् भने त्यसले जन निर्वाचित प्रतिनिधिहरू र कर्मचारी संयन्त्र प्रति विश्वसनीयता घट्नु का साथै राज्य र व्यवस्था प्रति समेत नागरिकहरू मा नैराश्य ता बढ्न सक्छ । तसर्थ सबै स्थानीय तहहरूले मानव संसाधन विधि र कार्य प्रणाली तथा संस्थागत क्षमताको क्रमिक रूपमा वृद्धि गरी नागरिक प्रति पूर्ण रूपमा उत्तरदायी स्थानीय सरकारको रूपमा काम गर्न आवश्यक छ । सङ्घीयता हाम्रा लागि नयाँ व्यवस्था भएको र यसको सफल कार्यान्वयनमा स्थानीय तहको योजना तर्जुमाको महत्त्वपूर्ण भूमिका हुने भएकोले पनि **बेनी नगरपालिका**ले यो क्षमता विकास योजना तर्जुमा गरेको हो ।

विगत केही समयदेखि राष्ट्रिय बजेटको आकार स्थिर रहे सँगै सरकारले स्थानीय तहहरूलाई प्रदान गर्ने नि सर्त र ससर्त अनुदान रकममा वृद्धि हुन सकेको छैन । विद्यमान अवस्थामा स्थानीय सरकारसँग भएको मानव शक्ति लगायत स्रोत साधनको सही परिचालन हुन नसकेको कारण विकासको गति मन्द भएको र आशातीत एवम् अपेक्षित उपलब्धिहरू प्राप्त हुन नसकेको सन्दर्भमा स्थानीय जनताको सबैभन्दा नजिकको अभिभावकको रूपमा स्थापित स्थानीय सरकारले विभिन्न विकल्पहरूको खोजी गर्नु स्वाभाविक हो ।

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १०२(२) अनुसार “स्थानीय तहले तर्जुमा गरेको ऐनको अधीनमा रही कार्यपालिकाले आवश्यकता अनुसार अन्य नियमावली, निर्देशिका, कार्यविधि, दिग्दर्शन आदि तर्जुमा गरी लागू गर्न सक्नेछ” भन्ने व्यवस्थासँगै स्थानीय तहको क्षमता विकासको लागि सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयबाट क्षमता विकास कार्यविधि, २०६६ जारी गरिएपछि परिवर्तित सन्दर्भमा गाउँ/नगरपालिकाको क्षमता विकास योजना तर्जुमा सम्बन्धी दिग्दर्शन, २०७६ जारी भएको हो । पछि स्थानीय तहहरूबाट संस्थागत रूपमा क्षमता विकासका क्षेत्रमा चासो बढाएको र गण्डकी प्रदेश प्रशिक्षण

प्रतिष्ठानबाट आर्थिक तथा प्राविधिक सहयोग प्राप्त भएको सन्दर्भमा क्षमता विकास योजना लगायत अन्य स्थानीय सरकारका लागि आवश्यक मार्गदर्शनहरू तर्जुमा हुन थालेका हुन् । यसै सन्दर्भमा बेनी नगरपालिकाले हालसम्म नगर सभाबाट स्वीकृत वार्षिक तथा आवधिक नीति, योजना/कार्यक्रम र बजेटलाई प्रभावकारी कार्यान्वयन गर्न तथा सेवा प्रवाहलाई चुस्त दुरुस्त बनाउनको लागि ३ वर्षे क्षमता विकास योजना निर्माण गरिएको हो ।

## १.२ क्षमता विकास योजनाको लक्ष्य

**बेनी नगरपालिकाको** संस्थागत तथा मानव संसाधन क्षमता अभिवृद्धि मार्फत विकास व्यवस्थापन तथा सार्वजनिक बस्तु तथा सेवा प्रवाह प्रभावकारी, गुणस्तरीय र पारदर्शी भएको हुनेछ ।

## १.३ क्षमता विकास योजनाका प्रमुख उद्देश्यहरू

माथि उल्लिखित लक्ष्यमा पुग्नको लागि देहाय बमोजिमका उद्देश्यहरू निर्धारण गरिएको छ ।

- क. नगरपालिकाको क्षमता विकास योजना तर्जुमा भई सोको कार्यान्वयनबाट कार्यसम्पादन स्तरमा सुधार गर्नु ।
- ख. नगरपालिकाको वित्तीय साधनहरूको उपयोग मितव्ययी एवं दक्षता पूर्ण रूपमा गर्न रणनीति गत कार्य योजना तयार गरी कार्यान्वयन गर्नु ।
- ग. नगरपालिकाको संस्थागत तथा नेतृत्व विकासको लागि लगानी गर्नुपर्ने क्षेत्रहरूको पहिचान गर्नु ।
- घ. नगरपालिकाले गरेका राम्रा अभ्यासहरू, सिकाई र उपलब्धिहरूलाई उजागर गर्दै वार्षिक तथा आवधिक योजनाहरूमा उल्लिखित नीति योजना/ कार्यक्रम तथा बजेटलाई प्रभावकारी रूपमा कार्यान्वयन गर्नु ।
- ङ. संस्थागत क्षमता अभिवृद्धि गर्नका साथै नेतृत्व विकास गरी सक्षम नगरपालिका निर्माणको लागि विभिन्न प्रकारका तालिम, गोष्ठी, भ्रमण, अभिमुखीकरण कार्यक्रमहरूको आयोजना गर्नु ।
- च. सकारात्मक वि भेद नीति अनुरूप समता मूलक तथा समावेशी नीतिलाई कार्यान्वयन गर्नु ।

## १.४ क्षमता विकास योजनाका नीति गत तथा कानुनी आधारहरू

नेपालको वर्तमान संविधानको प्रस्तावनादेखि मौलिक हक र कर्तव्य, नीति र निर्देशक सिद्धान्त तथा संविधानको अनुसूची ८ र ९ मा उल्लिखित स्थानीय सरकारका एकल र साझा अधिकारहरूको उपयोग गर्नुपर्ने कुराहरूलाई जोड दिइएको छ । यो क्षमता विकास योजना तयारीका क्रममा नेपालको संविधानको भाग ३ मौलिक हक अन्तर्गत रहेका धाराहरू जस्तै धारा १८ समानताको हक, धारा २५ सम्पत्तिको हक, धारा २७ सूचनाको हक, धारा ३१ शिक्षा सम्बन्धी हक, धारा ३३ रोजगारीको हक, धारा ३४ श्रमको हक, धारा ३५ स्वास्थ्य सम्बन्धी हक, धार ३५ धारा ३६ खाद्य सम्बन्धी हक, धारा ३७ आवासको हक, धारा ३८ महिलाको हक, धारा ३९ बालबालिकाको हक, धारा ४० दलितको हक, धारा ४१ ज्येष्ठ नागरिकको हक, धारा ४२ सामाजिक न्यायको

हक, धारा ४३ सामाजिक सुरक्षाको हक र धारा ४४ उपभोक्ताको हकलाई विशेष जोड दिइएको छ । यी संवैधानिक व्यवस्थाहरू प्रत्यक्ष रूपमा जन सरोकारका विषयहरू र यसको सेवा प्रवाहमा जोडिएका हुन्छन् ।

त्यसैगरी वर्तमान संविधानको भाग ४ राज्यको निर्देशक सिद्धान्त नीति तथा दायित्व सम्बन्धी व्यवस्था, धारा ५० अनुसारका सिद्धान्तहरू र धारा ५१ विकास सम्बन्धी नीति, प्राकृतिक साधन स्रोतको संरक्षण र उपयोग सम्बन्धी नीति, नागरिकका आधारभूत आवश्यकता सम्बन्धी नीति, श्रम र रोजगार सम्बन्धी नीति, सामाजिक न्याय र समावेशीकरण सम्बन्धी नीति, न्याय र दण्ड सम्बन्धी नीति, पर्यटन सम्बन्धी नीति र अन्तर्राष्ट्रिय सम्बन्ध सम्बन्धी नीति समेतलाई विशेष जोड दिइएको छ । त्यसैगरी स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा १०२ (२) अनुसार स्थानीय सरकारले आफूलाई आवश्यक पर्ने नीति नियम बनाउन सक्ने भनी गरिएको व्यवस्थालाई कार्यान्वयन गर्न पनि विशेष जोड दिइएको छ ।

## १.५ क्षमता विकास योजनाको औचित्य

बेनी नगरपालिकाको क्षमता विकास योजना तयार गर्नुपर्ने कारणहरू देहाय बमोजिम रहेका छन्-

क. संविधान प्रदत्त अधिकार र जिम्मेवारीहरूलाई कुशल रूपमा सम्पादन गरी नागरिकहरूलाई छिटो, छरितो, कम झन्झटीले, पारदर्शी र गुणात्मक सेवा प्रदान गर्ने जिम्मेवारी र दायित्व स्थानीय सरकारको कार्यक्षेत्रमा रहेको,

ख. नगरपालिकाबाट सञ्चालन गरिने सामाजिक, आर्थिक, वातावरणीय गतिविधि तथा पूर्वाधार विकास निर्माणका कार्यहरूलाई दिगो, परिणाम मुखी बनाउनु पर्ने कानुनी र नैतिक दायित्व रहेको,

ग. स्थानीय सरकारका अधिकार र जिम्मेवारीहरू कुशल रूपमा सम्पादन गर्न विभिन्न पदीय जिम्मेवारीमा रहेका जनप्रतिनिधिहरू र कर्मचारीहरूको क्षमता विकास गर्न आवश्यक रहेको,

घ. विकास प्रशासनका विभिन्न नविन तम आयाम, प्रविधि र मान्यता अनुसार स्थानीय सरकारलाई क्रमिक रूपमा प्रविधि मैत्री बनाउँदै नागरिकहरूको आशा र अपेक्षा अनुसार काम गर्न सक्ने गरी स्थानीय सरकारको संस्थागत क्षमता विकास गर्न,

ङ. आपूर्तिका साथै मागमा आधारित क्षमता विकास कार्यक्रम सञ्चालन गरी आवश्यकता बोध गरेको क्षेत्रमा ज्ञान, सीप र धारणा विकास तथा जन उत्तरदायित्व शासन प्रणाली स्थापित गर्न,

## १.६ क्षमता विकास योजनाको कार्यक्षेत्र

बेनी नगरपालिकाले हाल अवलम्बन गरेको शासकीय पद्धतिको सुदृढीकरण गर्नु का साथै नगरपालिकामा सेवा प्रवाहको क्षेत्रमा क्षमता अभिवृद्धि गर्न आवश्यक देखिएको सन्दर्भमा सङ्घीय सरकार अन्तर्गत सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयको अगुवाइमा स्थानीय सरकार संस्थागत स्व-मूल्याङ्कन (LISA) को विकास गरिएको भए तापनि क्षमता विकास विश्लेषण र योजना तर्जुमाको औजारको रूपमा यसलाई संस्थागत नगरिएको अवस्थामा स्वतन्त्र विज्ञका रूपमा केही औजारहरू बनाई सोही आधारमा यस नगरपालिकाको क्षमता विश्लेषण गर्ने प्रयास

गरिएको छ । यस प्रक्रियाले **बेनी नगरपालिकालाई** समग्र रूपमा आफ्नो कार्य जिम्मेवारी बुझ्न र उनीहरूको आफ्नै कार्य सम्पादनमा थप प्रभावकारिता ल्याउन सहयोग गर्नेछ । साथै कमजोर क्षमता र अवस्था रहेको सन्दर्भमा यसले क्षमता अभिवृद्धिका कार्यक्रमहरूको अवलम्बन र कार्यान्वयन आफ्नै प्रयासमा गर्नु का साथै सङ्घीय र प्रदेश सरकारलाई समेत स्थानीय तहहरूको यस प्रयासमा नजिक ल्याउन सहयोग पुग्ने अपेक्षा गरिएको छ । यसका अ लावा नगरपालिकाको अवसर तथा चुनौतीहरूको पहिचान गर्न समेत सहयोग पुग्ने देखिन्छ । यसका लागि नगरपालिकामा व्यवस्थित रूपमा क्षमता विकास सम्बन्धी योजना बनाउने र कमजोर कार्यसम्पादन भएका ठाउँहरूको पहिचान गरी SWOT Analysis का आधारमा सम्बोधन गरी विकास परियोजनाहरूलाई प्रभावकारी रूपमा कार्यान्वयन गर्नु का साथै सेवा प्रवाहमा नागरिकहरूको पहुँचमा अभिवृद्धि गर्ने प्रयोजनार्थ आवश्यक स्रोत साधनको व्यवस्था गर्ने रणनीति तर्जुमा गरिएको छ-

## १.७ क्षमता विकास योजना तर्जुमाका अपेक्षित नतिजाहरू

(क) नगरपालिकामा कार्यरत जनप्रतिनिधि तथा कर्मचारीहरूको समग्र पक्षमा क्षमता विकासको लागि विस्तृत कार्य योजना तयार गरी कार्यान्वयन भएको हुनेछ ।

(ख) स्थानीय विकास प्रक्रिया, सेवा एवं सुविधामा अल्प संख्यक तथा सीमान्त कृत समुदाय र पिछडिएको तथा अति विपन्न वर्गको पहुँच वृद्धि गर्न सहयोग पुग्नेछ ।

(ग) नगरपालिकाको संस्थागत/साङ्गठनिक क्षमता विकासको लागि SWOT विश्लेषण विधिद्वारा आवश्यक सुधारका क्षेत्रहरूको पहिचान भई वास्तविक कार्य योजना तयार भएको हुनेछ ।

(घ) क्षमता विकास योजना कार्यान्वयनको लागि आवश्यक स्रोत तथा साधनहरूको एकिन भइ सोको परिपूर्तिका लागि स्थानीय सरोकारवालाहरूलाई मार्गदर्शन भएको हुनेछ ।

(ङ) नगरपालिकाको क्षमता विकास योजना तर्जुमा भई सोको कार्यान्वयनबाट नगरपालिका तथा सहयोगी निकायहरूको कार्य सम्पादनस्तर मा सहयोग पुगेको हुनेछ ।

## १.८ क्षमता विकास योजना तर्जुमाका सीमा तथा मान्यताहरू

नगरपालिकाको क्षमता विकास योजना तर्जुमा गर्ने सन्दर्भमा सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयद्वारा जारी **गाउँ/नगरपालिकाको क्षमता विकास योजना तर्जुमा सम्बन्धी दिग्दर्शन, २०७६** बमोजिम कार्य सम्पादन गर्ने प्रयास गर्दा गर्दै पनि भौतिक, वित्तीय तथा आवश्यक जनशक्तिको सीमितता का कारण अपेक्षाकृत कार्य हनु सकेको छैन । यद्यपि नगरपालिकाको अपेक्षा, वर्तमान मौजुदा कानुनी व्यवस्था अनुरूप कार्य सम्पादन गर्ने क्रममा रहेका प्रमुख सीमाहरू तथा मान्यताहरू देहाय बमोजिम रहेका छन्ः

(क) क्षमता विकास योजना तर्जुमा गर्ने सन्दर्भमा बेनी नगरपालिकाका जनप्रतिनिधि, कर्मचारी लगायत स्थानीय सरोकारवालाहरू सँगको छलफल तथा अन्तरक्रिया कार्यक्रममा राय सङ्कलन गर्दा सबै नगरवासीको भावना तथा सोच नसमेटिएको पनि हुन सक्छ ।

(ख) क्षमता विकास योजना तयार गर्ने क्रममा स्थानीय सरकार सञ्चालन ऐन, २०७४ लगायत नगरपालिकाबाट तर्जुमा गरी लागू भएका अन्य ऐन, नियमावली, कार्यविधि, निर्देशिका, दिग्दर्शन आदिमा उल्लिखित सबै कार्यक्रम तथा व्यवस्थाहरू नसमेटिएका पनि हुन सक्छन् ।

(ग) नगरपालिकाको क्षमता विकास योजनालाई कार्यान्वयन गर्न सङ्घ, प्रदेश एवं विकास साझेदारहरूबाट अपेक्षा गरिएको आर्थिक तथा प्राविधिक सहयोग पूर्ण रूपमा प्राप्त नहुन पनि सक्छ ।

(घ) नयाँ प्रस्तावित कार्य योजना नियमावलीलाई आधार मानी विषयगत कर्यविवरण तयार गरिने हुँदा विद्यमान शाखा गत कार्यक्षेत्रमा भिन्नता देखिन सक्छ ।

(ङ) क्षमता विकास योजनालाई कार्यान्वयन गर्नका लागि स्रोत साधनको आंशिक मात्रामा यथार्थ एकिन भएको अवस्थामा योजना तयार गरिएको हुँदा कार्यान्वयनमा स्रोत साधनको उपलब्धता र खर्च व्यवस्थापनमा जोखिम रहन सक्छ ।

(च) क्षमता विकास योजना कार्यान्वयन गर्ने प्रमुख जिम्मेवार व्यक्ति प्रमुख प्रशासकीय अधिकृतको छिटो-छिटो सरुवा हुने परिपाटीले गर्दा कार्यान्वयन प्रक्रियामा प्रतिकूल प्रभाव पर्न सक्छ ।

# भाग दुई - क्षमता विकास योजना तर्जुमाका विधि, अध्ययन क्षेत्र तथा अनुगमन र मूल्याङ्कन

## २.१ क्षमता विकास योजना तर्जुमाका विधिहरू

बेनी नगरपालिकाको क्षमता विकास योजना तर्जुमाको सन्दर्भमा सम्भव भएसम्म प्राथमिक तथ्याङ्क सङ्कलन गर्ने प्रयास गरिएको छ । प्राथमिक तथ्याङ्कको स्रोतको रूपमा नगरपालिकाका जनप्रतिनिधिहरू, प्रमुख प्रशासकीय अधिकृत,वडा सचिवदेखि नगर कार्यपालिकाका कर्मचारीहरू लगायत नगरपालिकासँग सम्बन्धित सङ्घ/सङ्गठनका प्रतिनिधिहरू, उद्योग वाणिज्य सङ्घका प्रतिनिधिसँग सहभागिता मूलक विधिद्वारा छलफल तथा अन्तरक्रिया गरी सङ्कलन गर्ने कार्य गरिएको छ । अनौपचारिक रूपमा पनि सम्बन्धित सरोकारवालाहरू सँग बाँकी तथ्याङ्कहरू सङ्कलन गर्ने कार्य सम्पन्न भयो । साथै थप जानकारीको लागि मिति २०८० साल माघ १० गते अभिमुखीकरण गोष्ठीको आयोजना गरिएको थियो । नगर प्रमुख श्री सुरत के.सी.ज्यूको अध्यक्षता तथा गण्डकी प्रदेश प्रशिक्षण प्रतिष्ठानका कार्यकारी निर्देशक श्री ऋषि राम पाण्डेज्यूको प्रमुख आतिथ्यतामा सञ्चालित उक्त गोष्ठीमा क्षमता विकास योजना तर्जुमा सम्बन्धी दिग्दर्शन, २०७६ का बारेमा जानकारी गराउनु का साथै नगरपालिकाको वर्तमान अवस्था थाहा पाउनको लागि **SWOT Analysis** सहित क्षमता विकास योजनाको आवश्यकता, महत्त्व, औचित्यता, उपलब्धि, विधि, प्रक्रिया, चरण, क्षमता विकासका प्रकारहरू आदिका बारेमा सहज कर्ताबाट प्रकाश पार्ने कार्य भएको थियो । गोष्ठीमा क्षमता विकास योजना तर्जुमा सम्बन्धी कार्य योजना स्वीकृत गर्नु का साथै ५ वटा समूह मार्फत छलफललाई अघि बढाइएको थियो । नगर कार्यपालिकाको कार्यालयमा शाखा प्रमुख कर्मचारीहरू सँग शाखाको वर्तमान अवस्था, समस्या, चुनौती लगायतका सवालहरूका बारेमा मिति २०८० साल फागुन ०६ र ७ गते जानकारी लिने कार्य भएको थियो । नगर कार्यपालिकाको कार्यालयको छलफल पछि वडा नं. २, ६ र ८ का वडा कार्यालयमा वडाको अवस्थाका बारेमा वडा अध्यक्ष र वडा सचिव सहित कर्मचारीहरू सँग छलफल गरिएको थियो । बाँकी अन्य वडाहरूमा वडा अध्यक्ष तथा वडा सचिवसँग अन्तर्वार्ता को माध्यमद्वारा आवश्यक जानकारी लिने कार्य गरिएको थियो । गोष्ठीमा समूह विभाजन पश्चात् गरिएको बलियो पक्ष, सुधार गर्नुपर्ने पक्ष, अवसर र चुनौतीका बारेमा व्यापक रूपमा छलफल पश्चात् वास्तविक तथ्याङ्क सहित वर्तमान अवस्थाका बारेमा थाह पाउन सजिलो भएको थियो । गोष्ठीको चौथो सेसनमा **SWOT** बाट अवगत हुन आएका रिक्त ठाउँहरूको पूर्तिका लागि आवश्यक बजेट, कार्यान्वयन वर्ष, जिम्मेवारी र सम्भावित स्रोत सहितको प्रमुख कार्यक्रम तथा क्रियाकलापहरूको तर्जुमा गर्ने कार्य सम्पन्न भयो भने योजना कार्यान्वयनका लागि तीन वर्षे रण नैतिक कार्य योजना तर्जुमा गरी कार्यान्वयन गर्ने निर्णय भएको थियो ।

नगरपालिकाको क्षमता अभिवृद्धिका लागि रण नैतिक कार्य योजना तयार गर्न विषयगत क्षेत्रहरूको आधारमा खाली ठाउँहरूको पहिचान गरियो । जस अनुसार शासकीय प्रबन्ध, सङ्गठन तथा प्रशासन, वार्षिक बजेट तथा

योजना व्यवस्थापन, वित्तीय एवं आर्थिक व्यवस्थापन, सेवा प्रवाह, न्यायिक कार्य सम्पादन, भौतिक पूर्वाधार, सामाजिक समावेशीकरण, वातावरण संरक्षण तथा विपद् व्यवस्थापन तथा सहकार्य र समन्वय रहेका छन् ।

क्षमता विकास योजनाको विषय बस्तु तथा लक्षित क्षेत्रको आधारमा क्षमता विकास योजनालाई २ वर्गमा विभाजन गरिएको छ-

## २.१.१ संस्थागत क्षमता विकास योजना

नगरपालिकाले संस्थागत क्षमता विकास योजना तर्जुमाको सिलसिलामा सम्बन्धित सबै पक्षहरूको राय तथा अपेक्षालाई समेट्ने उद्देश्यले स्थानीय सबै सरोकारवालाहरूलाई सहभागी गराई सहभागितात्मक विधिद्वारा तयार गरिएको छ । संस्थागत क्षमता विकास योजनाका साथै कार्य सम्पादनका चरणहरू र त्यसका लागि आवश्यक औजारहरू देहाय बमोजिम प्रयोगमा ल्याइएको थियो-

- **क्षमता विकासको योजना तथा नीति प्रक्रिया बारे अभिमुखीकरण**

नगरपालिकाको क्षमता विकास योजना तर्जुमाका विषयमा जानकारी गराउन प्रारम्भिक अभिमुखीकरण कार्यक्रम सञ्चालन गरिएको थियो ।

- **मागमा आधारित संस्थागत क्षमता विकास आवश्यकताको लेखाजोखा**

क्षमता विकास योजनाका ५ वटा विषयगत क्षेत्रसँग सम्बन्धित शाखा/एकाइ प्रमुखहरू र अन्य सरोकारवालाहरूलाई सहभागी गराई स्वः मूल्याङ्कन विधिबाट संस्थागत क्षमता लेखाजोखाका लागि विवरण सङ्कलन गरिएको थियो ।

- **नेतृत्व तहको क्षमता विकास आवश्यकताको लेखाजोखा**

नगरपालिकाका प्रमुख/उप प्रमुख वडा अध्यक्ष कार्यपालिकाका अन्य सदस्य र गठित समिति उप समितिका संयोजकहरू सँग विवरण सङ्कलन गरिएको थियो ।

- **आपूर्तिमा आधारित क्षमता विकास आवश्यकताको लेखाजोखा**

नगरपालिकाका पदाधिकारीहरू, कर्मचारीहरू ले स्पष्ट रूपमा पहिचान नगरेका तर कार्यसम्पादनका लागि महत्त्वपूर्ण कार्य तथा क्रियाकलापहरूको पहिचान, आपूर्तिमा आधारित क्षमता विकास आवश्यकताको लेखाजोखाको माध्यमबाट गरिएको थियो । आपूर्तिमा आधारित क्षमता विकास सम्बन्धी क्रियाकलापहरूको पहिचानको लागि राष्ट्रिय महत्त्वका नीति, रणनीति, कार्यविधि तथा कार्यक्रमहरूको अध्ययन गरिएको थियो ।

१. कार्यसम्पादन अवस्थाको अवलोकन

बेनी नगरपालिका नगर कार्यपालिकाको कार्यालयका सबै शाखा तथा एकाइसँग मिति २०८० फागुन ०६ र ०७ गते गरी २ दिन सामूहिक तथा व्यक्तिगत अभिमत लिने कार्य भएको थियो । त्यसै गरी वडा कार्यालयहरूमा वडा अध्यक्ष तथा वडा सचिव र सम्बन्धित वडामा कार्यरत कर्मचारीहरू सँग समेत छलफल गरिएको थियो । प्राप्त सुझाव तथा प्रतिक्रियाहरूलाई अनुसूचीमा समावेश गरिएको छ । छलफलका विषयहरू देहाय बमोजिम रहेका थिए -

१ सम्पादन गरेका कार्यहरूको समीक्षा
२ सेवा ग्राही नागरिकहरूको अभिमत
३ व्यक्तिगत अन्तर्वार्ता, सानो समूह अन्तर्वार्ता,
४ स्थानीय सरकारको संस्थागत स्व मूल्याङ्कनको नतिजा
५ नगरपालिकाको प्रकाशित - अप्रकाशित अन्य दस्तावेजहरूको अध्ययन

**सूचना सङ्कलन तथा विश्लेषण**

नगरपालिकाको क्षमता वर्तमान अवस्थाको स्वः मूल्याङ्कन विधिद्वारा सङ्कलन गरिएका तथ्याङ्कहरू र आपूर्तिमा आधारित क्षमता विकास आवश्यकताको लेखाजोखा अध्ययन तथा विश्लेषण गरिएको थियो ।

**क्षमता विकाससँग सम्बन्धित स्रोत व्यक्ति र सरोकारवालाहरूको पहिचान**

माथि उल्लिखित चरणहरूबाट पहिचान गरिएका क्षमता विकासका कार्यक्रमहरूमा योगदान दिन सक्ने स्रोत व्यक्ति तथा सरोकारवाला पक्षहरूको पहिचान गरी निजहरूसँग हुन सक्ने सहकार्यका क्षेत्रहरू तथा प्राप्त हुन सक्ने सेवा तथा सहयोगको आकलन गरिएको छ ।

**क्षमता विकास योजनाको मस्यौदा**

नगरपालिकाको ३ वर्षे क्षमता विकास योजना तर्जुमाको सन्दर्भमा प्राथमिक करणको आधारमा सञ्चालन गर्नुपर्ने क्रियाकलापहरू र यसका लागि आवश्यक बजेट तथा समयका बारेमा अनुमान गरिएको छ ।

**संस्थागत क्षमता विकासका लागि भौतिक सामाग्रीको उपलब्धता**

बेनी नगरपालिकामा संस्थागत क्षमता विकासका लागि नगर कार्यपालिकाको स्वामित्वमा रहेका भौतिक सामाग्रीहरूको विवरण (जिन्सी शाखाको २०८० साउनको वार्षिक प्रतिवेदन अनुसार) देहाय बमोजिम रहेको छ-

१. नगरपालिकाको स्वामित्वमा रहेका कार्यालय भवन सङ्ख्या ४,
२. चार पाङ्ग्रे जिप सङ्ख्या २
३. दमकल सङ्ख्या १
४. ट्याक्टर सङ्ख्या १
५. मोटर साइकल सङ्ख्या २३

६. ल्यापटप थान २५

७. डेस्कटप कम्प्युटर थान ५२

८. ट्याबलेट थान ११

९. प्रिन्टर थान ६९

१०.हाजिर मेशिन थान १२

११.बिल प्रिन्टर मेशिन थान १

१२.सोला र बत्ति थान २

१३.डिजिटल क्यामेरा थान २

१४.माइक्रोसफ्टको थान ३

१५.साउण्ड सिस्टम थान १

(सबै शाखा तथा कर्मचारीका लागि आवश्यकता अनुसारका बस्तु/सामाग्रीहरूको अभाव नरहेको)

## २.१.२ मानव संसाधन विकास योजना

सामान्यतया मानव संसाधन विकास भन्नाले कर्मचारीहरू र जनप्रतिनिधिहरूले आफ्नो पद तथा हैसियत अनुसारको भूमिका पुरा गर्नका लागि व्यक्तिको ज्ञान, सीप र धारणामा सकारात्मक सुधार गर्ने कार्यहरू जस्तै तालिम, अध्ययन, अवलोकन भ्रमण आदिलाई क्षमता विकास भनेर बुझ्ने गरिन्छ । तर क्षमता विकास केवल तालिम,गोष्ठी, अध्ययन वा अवलोकन भ्रमण, अन्तरक्रिया आदि मात्र नभई यो सङ्गठनमा आबद्ध मानिस संस्थाको आन्तरिक तथा बाह्य व्यवस्थापन, संरचना, विधि प्रस्तुति जस्ता पक्षहरूसँग सम्बन्धित हुन्छ ।

कुनै पनि सार्वजनिक संस्थाको कार्य सम्पादनको प्रभावकारिता मापन गर्ने महत्त्वपूर्ण आधार मानव स्रोत हो । मानव संसाधन विकास अन्तर्गत संस्थामा संलग्न जनशक्तिको ज्ञान,सीप. दक्षता, धारणा र क्षमता पर्दछ । जनशक्तिको दक्षताले संस्थाबाट वितरण गरिने सेवा तथा शासकीय प्रबन्धको उपयुक्त व्यवस्थापन हुन सक्छ । यस सन्दर्भमा स्थानीय तहलाई प्राप्त अधिकार तथा जिम्मेवारीको कार्य सम्पादनको सु निश्चितताको लागि संस्थामा मानवीय स्रोतको आवश्यकता पर्दछ । हाल स्थानीय तहको विद्यमान प्रशासनिक तथा साङ्गठनिक संरचना निर्माण तथा स्थापना हुने क्रममा नै रहेका छन् । स्थानीय सरकारको प्रशासनिक तथा साङ्गठनिक संरचना तथा एकाइहरूको स्पष्ट कार्य विभाजन र जिम्मेवारी बाँडफाँट भइ सकेको सन्दर्भमा स्थानीय सरकारको मानवीय संसाधनको व्यवस्थापन तथा दक्षता अभिवृद्धि गर्नु आवश्यक रहेको छ ।

मानव संसाधन विकास निरन्तर रूपमा चली रहने प्रक्रिया हो । संस्थाले प्रभावकारी रूपमा आफ्नो उद्देश्य हासिल गर्नका लागि विद्यमान जनशक्तिको क्षमता विकास निरन्तर रूपमा गर्दै जानुपर्ने हुन्छ । विद्यमान जनशक्तिको क्षमता विकासको पहिलो कार्य जनशक्तिको विद्यमान क्षमताको मूल्याङ्कन तथा विश्लेषण गरी त्यस अनुरूप क्षमता विकास नीति तथा योजनाको तर्जुमा तथा कार्यान्वयन आवश्यक छ । स्थानीय सरकारको मानव संसाधनमा निर्वाचित पदाधिकारीहरू एवं निर्दिष्ट भूमिका पुरा गर्न आवश्यक ज्ञान, सीप र धारणा भएका वा

हासिल गर्न सक्ने क्षमता भएका कर्मचारीहरूलाई जनाउँछ । यस अन्तर्गत आवश्यक मानव संसाधन प्राप्तिको लागि गरिने कार्यहरू जस्तै सङ्गठन तथा व्यवस्थापन सर्वेक्षण, दरबन्दी निर्धारण, नियुक्ति प्रक्रिया, सरुवा/बढुवा व्यवस्था, जिम्मेवारी निर्धारण, पारिश्रमिक आदि लाई बुझ्न सकिन्छ । स्थानीय सरकारको भूमिका पुरा गर्न जिम्मेवारीमा रहेका जनशक्तिहरू, (निर्वाचित पदाधिकारीहरू, कर्मचारीहरू, नगर प्रहरीहरू, स्थानीय सरकारसँग प्रत्यक्ष संलग्न भई कार्य गर्ने उपभोक्ता समितिका पदाधिकारीहरू, स्वयंसेवकहरू) को क्षमता विकास पर्दछ ।

नगरपालिकाको जनसङ्ख्या, सेवा ग्राहीको चाप तथा कार्य क्षेत्रलाई हेर्दा हालको मानवीय संसाधन क्षमता अपर्याप्त भइरहेको सन्दर्भमा आवश्यकता अनुसार मानवीय क्षमता विकासको कार्य योजना अपरिहार्य देखिन्छ । नगरपालिकामा सङ्गठन तथा व्यवस्थापन सर्वेक्षण प्रतिवेदन २०७८ सालमा तयार भएको भए ता पनि प्रतिवेदन पूर्ण रूपमा कार्यान्वयनमा आउन सकेको छैन । नगरपालिकाको सङ्गठन व्यवस्थापन अध्ययन प्रतिवेदनमा उल्लिखित व्यवस्थालाई स्पष्ट संरचना, शाखा, एकाइ, सम्बन्धित एकाइको कार्य विवरण अनुसार नगर सभाबाट पारित गरी लागू गर्नुपर्ने देखिन्छ । मानवीय स्रोत क्षमता विकास कार्य योजना अन्तर्गत यस नगर पालिकाको मानव साधन प्राप्ति, जनप्रतिनिधिहरू, विषयगत समितिहरू, उपसमिति तथा कर्मचारीहरूको क्षमता अभिवृद्धि गर्ने तालिम, गोष्ठी, अध्ययन, अनुसन्धानसँग सम्बन्धित क्रियाकलापहरू सहित संस्थागत क्षमता विकास र मानव संसाधन विकासलाई मर्ज गरी एउटै कार्य योजना निर्माण गरिएको छ ।

नगरपालिकाको संस्थागत क्षमता विकास योजनामा पहिचान भएका विद्यमान मानव संसाधनका ज्ञान, सीप र धारणा विकासका लागि समावेश गर्नुपर्ने विषय बस्तु, विधि तथा सहभागीहरूको पहिचान गर्न मानव संसाधन विकास योजना तयारीको सन्दर्भमा निम्न अनुसारको विधि अवलम्बन गरिएको छः

### क. मानव संसाधनको क्षमता लेखाजोखा

हाल कार्यालयमा कार्यरत कर्मचारीहरूको कार्य क्षेत्र गत सर्त **(ToR)** अनुसार सम्पादन गर्नुपर्ने कार्यका लागि आवश्यक पर्ने ज्ञान, सीप र धारणा हाल निजमा रहेको ज्ञान, सीप र धारणाको बीचको अन्तरका बारेमा लेखाजोखा गर्ने कार्य भएको छ ।

### ख. मानव संसाधन विकासको आवश्यकता पहिचान

मानव संसाधन क्षमता लेखाजोखाबाट प्राप्त सूचनाहरूको साथै क्षमता विकास योजना तर्जुमाका क्रममा प्राप्त भएका सूचनाहरूको अध्ययन तथा विश्लेषण गरी मानव संसाधन विकासका लागि गर्नुपर्ने कार्यहरूको पहिचान गरिएको छ ।

### ग. मानव संसाधन विकास योजना तयारी

प्रस्तावित क्षमता विकास योजना तयारी अन्तर्गतका कार्यक्रम तथा गतिविधिहरू सञ्चालनको लागि प्राथमिक करणको आधारमा आवश्यक बजेट सहित जिम्मेवारी तथा समयावधि सहितको तीन वर्षीय क्षमता विकास योजना तयार गरिएको छ ।

**घ. क्षमता विकाससँग सम्बन्धित स्रोत व्यक्ति र सहयोगी संस्थाको सूचि**

नगरपालिकाले क्षमता विकासका कार्यक्रमहरूलाई वर्गीकरण गरी त्यस्तो कार्यक्रमहरूलाई प्रभावकारी ढङ्गले सञ्चालन गर्नका लागि स्रोत व्यक्ति व्यवस्थापनका लागि आवश्यक मापदण्ड बमोजिमका व्यक्ति वा संस्थाको सुची तयार गरिएको छ ।

### २.२ अध्ययन क्षेत्र

बेनी नगरपालिकाको गठन नेपाल सरकारको मिति २०७१ साल वैशाख २५ गतेको निर्णयबाट गरिएको हो । साबिकका अर्थुङ्गे, घतान, रत्नेचौर, ज्यामरुमकोट, पुलाचौर र सिंगा गाउँ विकास समितिहरूलाई समेटी घोषणा भएकोमा नेपाल सङ्घीय राष्ट्र घोषणा पश्चात् स्थानीय तहहरूको गठन हुँदा भकिम्ले र पात्लेखेत गाउँ विकास समितिहरू समेत समाहित गरी यस नगरपालिकाको पुन संरचना भएको हो । यस नगरपालिकामा हाल १० वटा वडाहरू रहेका छन् । नगरपालिकाको केन्द्र म्याग्दी जिल्लाको जिल्ला सदरमुकाम बेनी बजारमा रहेको छ । नगरपालिकाको पूर्व-कालीगण्डकी नदि, पश्चिम- मंगला गाउँ पालिका, उत्तर- रघुगंगा गाउँपालिका, दक्षिण-बा.न.पा बागलुङको सिमाना पर्दछ । तीन नदीको संगमलाई त्रिवेणी भने जस्तै कालीगण्डकी र म्याग्दी खोलाको संगम स्थल भएकोले बेनी नामकरण भएको जनश्रुति रहेको छ । यस नगरपालिकाको कुल क्षेत्रफल ७६.२५ वर्ग कि.मि. रहेको छ । समुन्द्र सतहबाट ८९९ मिटर देखि करिब २३०० मिटरसम्म फैलिएको छ । यहाँ समशीतोष्ण प्रकृतिको हावापानी रहेको छ । यहाँका नदी नालाहरूमा कालीगण्डकी नदीका अतिरिक्त म्याग्दी खोला, रघुगंगा आदि रहेका छन् । यहाँको कुल घर धुरी सङ्ख्या ९३३६ तथा जनसङ्ख्या ३२६९७ रहेकोमा पुरुष १५३६१ तथा महिला १७३३६ छन् ।

## २.३ तथ्याङ्क सङ्कलन

बेनी नगरपालिकाको क्षमता विकास योजना तर्जुमाको सिलसिलामा आवश्यक पर्ने प्राथमिकस्तरका सूचनाहरू सङ्कलनको लागि यही २०८० साल माघ १० गतेका दिन नगरपालिका परिवार सहित योसँग सम्बन्धित सङ्घ/सङ्गठनका प्रतिनिधिहरू, उद्योग वाणिज्य सङ्घका प्रतिनिधिहरू सहितको अभिमुखीकरण गोष्ठी आयोजना गरिएको थियो । नगर कार्यपालिकाको कार्यालयमा मिति २०८० साल फागुन ६ र वडा कार्यालयहरूमा फागुन ७ गतेका दिन छलफल सहित तथ्याङ्क सङ्कलन गर्ने कार्य भएको थियो । छलफलमा नगर प्रमुख, नगर उप प्रमुख, प्रमुख प्रशासकीय अधिकृत लगायत शाखा प्रमुखहरू कर्मचारीहरू र वडा सचिवहरू लगायत स्थानीय सरोकारवालाहरूको सहभागिता रहेको थियो । गोष्ठीमा देहायका विषयहरू माथि समेत समूह छलफल गरी निष्कर्षमा पुग्ने काम भएको थियो जसलाई अनुसूची १ मा विस्तृत ढाँचामा उल्लेख गरिएको छः

**क. विकास व्यवस्थापन**

१. विषय क्षेत्र गत योजना तथा नीति नियमहरू
२. समावेशी विकास नीति (लैङ्गिक, वर्गीय,जातीय, सीमान्तकृत,बालबालिका,वञ्चित करणमा परेको वर्ग वा समुदाय)
३. वातावरण,जलवायु परिवर्तन व्यवस्थापन नीति,

४. वार्षिक योजना तर्जुमा,
५. वार्षिक योजना कार्यान्वयन,
६. मर्मत सँभार व्यवस्थापन
७. अनुगमन तथा मूल्याङ्कन प्रणाली

**ख. सङ्गठन व्यवस्थापन**

१. कर्मचारी सङ्गठन तथा कार्य विभाजन
२. आन्तरिक सञ्चार
३. कर्मचारीहरूको आचार संहिता
४. कर्मचारीहरूको कार्य विवरण र कार्य सम्पादन मूल्याङ्कन

**ग. वित्तीय व्यवस्थापन**

१. बजेट र आम्दानी तथा खर्च प्रणाली
२. कम्प्युटर कृत प्रणाली
३. आर्थिक पारदर्शिता
४. नियमित परीक्षण
५. खरिद प्रणाली
६. सम्पत्ति व्यवस्थापन
७. प्रतिवेदन प्रणाली

**घ. सूचना व्यवस्थापन**

१. अभिलेख व्यवस्थापन
२. सूचना प्रविधिको उपयोग
३. सूचनाको सञ्चार
४. सूचनाको अभिलेखीकरण

**ङ. सुशासन**

१. जनसहभागिता
२. पारदर्शिता तथा सूचना प्रवाह
३. जिम्मेवारी वहन
४. समता मूलक व्यवहार
५. कानुनी शासन

**च. समन्वय सहकार्य र सम्बन्ध विस्तार**

१. सङ्घीय तथा प्रदेश सरकार
२. सम्बन्धित कार्यक्रम तथा परियोजनाहरू
३. गैसस तथा समुदायमा आधारित संस्थाहरू

४. निजी क्षेत्र
५. अन्तर स्थानीय सरकार
६. अन्तर महाशाखा वा शाखा

## २.४ तथ्याङ्क विश्लेषण तथा नतिजा प्रस्तुति

सहभागितात्मक विधिद्वारा स्थानीय सरोकारवालाहरूको राय सुझाव सहित सङ्कलन गरिएका प्राथमिक तथ्याङ्कहरूको विभिन्न विधिहरूद्वारा प्रशोधन सहित विश्लेषण गरी प्राप्त भएका उपलब्धिहरूलाई प्रस्तुत गरिएको छ ।

## २.५ क्षमता विकास योजना कार्यान्वयन रणनीति तर्जुमा

नगरपालिकाले क्षमता विकास योजनालाई प्रभावकारी रूपमा कार्यान्वयन गर्नका लागि दुई प्रकारका रणनीतिहरू तर्जुमा गरेको छ । पहिलो संस्थागत तथा मानव संसाधन क्षमता विकासका लागि स्थानीय स्तरमा आवश्यकता महसुस गरिएका कार्यहरूलाई मागमा आधारित र दोस्रो स्थानीय स्तरमा जानकारी नभएको वा महसुस नगरिएको तर विकासका लागि आवश्यक तथा नवीनतम प्रविधि वा अवधारणालाई सम्बोधन गर्न आपूर्तिमा आधारित क्षमता विकास रणनीति तयार गरिएको छ ।

## २.६ क्षमता विकास योजना स्वीकृति

सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयद्वारा तर्जुमा गरी लागू गरिएको **गाउँ/नगरपालिकाको क्षमता विकास योजना तर्जुमा सम्बन्धी दिग्दर्शन-२०७६** मा भएका सबै व्यवस्थाहरूलाई अवलम्बन गरी तर्जुमा गरिएको बेनी नगरपालिकाको क्षमता विकास योजना कार्यपालिकाबाट स्वीकृत भइसकेपछि लागू हुनेछ । यसलाई कार्यान्वयन गर्ने प्रमुख दायित्व प्रमुख प्रशासकीय अधिकृतको हुनेछ । यसको प्रभावकारी कार्यान्वयनको लागि आवश्यक बजेट जुटाउने तथा समयको व्यवस्थापन मिलाउने कार्य भने कार्यपालिकाको हुनेछ ।

## २.७ क्षमता विकास योजनाको कार्यान्वयन

नगरपालिकाले आफ्नो वार्षिक तथा आवधिक योजनामा क्षमता विकास योजना कार्यान्वयनको लागि आवश्यक पर्ने बजेटको व्यवस्थापन गर्नेछ । क्षमता विकास योजना कार्यान्वयन कार्य योजनामा उल्लिखित क्रियाकलापहरूको कार्यान्वयन गर्नका लागि नियमित रूपमा वार्षिक नीति योजना/कार्यक्रम तथा बजेट मा समावेश गर्नु पर्नेछ । क्षमता विकास योजना अन्तर्गतका सेवा,बस्तु तथा निर्माण खरिद सम्बन्धी कार्यहरू सार्वजनिक खरिद ऐन तथा नियमावली बमोजिम हुनेछ भने जनशक्ति व्यवस्थापन सम्बन्धी व्यवस्थाहरू कर्मचारी प्रशासन सम्बन्धी कानुनी व्यवस्था अनुसार हुनेछ ।

## २.८ क्षमता विकास योजनाको अनुगमन तथा मूल्याङ्कन

नगरपालिकाको क्षमता विकास योजनाको प्रभावकारी कार्यान्वयनका लागि अनुगमन तथा मूल्याङ्कनको महत्त्वपूर्ण भूमिका हुन्छ । क्षमता विकास योजना कार्यान्वयनको लागि निर्माण गरिएको कार्य योजना अनुसार कति क्रियाकलापहरू सम्पन्न गर्न सकियो वा सकिएन भनी एकीन गर्न वा थाह पाउनका लागि पनि अनुगमन तथा मूल्याङ्कनलाई अनिवार्य सर्तका रूपमा मानिन्छ । पटके, नियमित तथा वार्षिक अनुगमनले कार्यान्वयनको सिलसिलामा देखिएका कमी कमजोरीहरूलाई पनि सुधार गरेर जान सुझाव तथा विकल्पहरू दिन सक्छ ।

# भाग तीन - नगरपालिकाको क्षमता विकास योजनाको प्रतिफल तथा निचोड

## ३.१ नगरपालिकाको वर्तमान साङ्गठनिक अवस्था

बेनी नगरपालिकाको ५ वर्षे **"शिक्षा, स्वास्थ्य, कृषि, पर्यटन र पूर्वाधार'; स्वच्छ, समृद्ध बेनी नगरको मूल आधार"** दीर्घकालीन सोचलाई हासिल गर्नका लागि चुस्त दुरुस्त प्रशासन तथा प्रभावकारी सेवा प्रवाह गर्न सक्ने सङ्गठनको आवश्यकता पर्दछ । अतः नगरपालिकाले सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयद्वारा स्थानीय सरकारका लागि निर्माण गरिएको कर्मचारीको दरबन्दी तेरिज अनुसारको सङ्गठनात्मक ढाँचालाई प्रयोगमा ल्याएको छ । यो सङ्गठनलाई चुस्त दुरुस्त तथा प्रभावकारी बनाउनको लागि देहाय बमोजिम मूल्याङ्कन गरिएको छ । नगरपालिकाको वर्तमान अवस्थाको अध्ययन गर्ने सन्दर्भमा यसको विद्यमान साङ्गठनिक संरचनाको समेत पुनरावलोकन गरिएको थियो । नगरपालिकालाई प्रचलित कानुनले तोकेको कार्य जिम्मेवारी, यसले हासिल गर्न खोजेको दीर्घकालीन लक्ष्यहरू एवम् यसबाट नगरपालिका बासीहरूले राखेका अपेक्षाहरू पुरा गर्न सक्ने गराउन र नगरपालिकाको साङ्गठनिक सुदृढीकरण सम्बन्धी सुधारात्मक क्रियाकलापहरूको पहिचान गरी कार्यान्वयन योजना तयार गर्ने उद्देश्यले यसको विद्यमान सङ्गठन स्वरूप, दरबन्दी, कार्य बोझ, जनशक्ति विकासको अवस्था आन्तरिक स्रोत परिचालनको अवस्थालाई सहभागितात्मक पद्धतिबाट पुनरावलोकन गरिएको थियो । यसका लागि कार्यशालाका सहभागीहरू तथा कार्यालयले उपलब्ध गराएको सूचनालाई प्रमुख आधारका रूपमा लिइएको छ ।

सबल र सक्षम सङ्गठनको माध्यमबाट मात्र कर्मचारीहरूको प्रभावकारी र गुणात्मक व्यवस्थापन तथा परिचालन हुने हुँदा सङ्गठनका क्रियाकलापहरूलाई व्यवस्थित गर्ने सन्दर्भमा सङ्गठनको स्वरूप स्वीकृत गरी सेवा सञ्चालन गर्दै आएको छ । सङ्गठनभित्रका प्रत्येक शाखा उपशाखा तथा एकाइहरू को स्पष्ट कार्य विवरण तयार गरी लागू गरिएको छ । बेनी नगरपालिकाद्वारा २०७८ चैतमा पारित सङ्गठन तथा व्यवस्थापन सर्वेक्षण प्रतिवेदन अनुसारको नगरपालिकाको हालको सङ्गठनात्मक स्वरूपलाई अनुसूची ५ उल्लेख गरिएको छ ।

## ३.२ क्षमता विकास योजनाको भूमिका

नेपालको संविधान तथा यस अन्तर्गत बनेको स्थानीय सरकार सञ्चालन ऐन २०७४ लगायत अन्य कानुनले स्थानीय सरकारको काम, कर्तव्य, जिम्मेवारी र भूमिका भनी निर्दिष्ट गरेका व्यवस्थाहरूको प्रभावकारी कार्यान्वयनको लागि बेनी नगरपालिकाले क्षमता विकास योजनाको प्रभावकारी कार्यान्वयनमा जोड दिने निर्णय गरेको छ । यो नगरपालिकाले विकास प्रक्रिया र सेवा प्रवाहलाई चुस्त, दुरुस्त राख्नु का साथै योजना तर्जुमा, स्रोत साधनको पहिचान र परिचालन अनि पारदर्शिताका क्रियाकलापहरूलाई प्राथमिकतामा राखेको हो । यसका लागि नगरपालिकाले शासकीय प्रबन्ध, सङ्गठन तथा प्रशासन, वार्षिक बजेट तथा योजना व्यवस्थापन, वित्तीय एवम् आर्थिक व्यवस्थापन, सेवा प्रवाह, न्यायिक कार्य सम्पादन, भौतिक पूर्वाधार विकास, सामाजिक समावेशिकरण, वातावरण संरक्षण तथा विपद् व्यवस्थापन, सहकार्य र समन्वय गरी १० वटा विषयगत क्षेत्रमा मूल्याङ्कन गरी अङ्क भार प्रदान गरिएको छ ।

## ३.३ परामर्श बैठकका उपलब्धिहरू

नगरपालिकाले संविधान लगायत अन्य स्थानीय सरकारसँग सम्बन्धित कानुनहरूले दिएको जिम्मेवारी कुशलतापूर्वक सम्पादन गर्नका लागि क्षमता विकास योजनालाई प्राथमिकतामा राखेको छ । बेनी नगरपालिकाले हालसम्म सम्पादन गरेका प्रशासनिक सेवा प्रवाह तथा विकास निर्माणसँग सम्बन्धित क्रियाकलापहरू र उपलब्धिहरूको विभिन्न ५ वटा समूहहरू मार्फत छलफल गरी सामूहिक रूपमा प्रस्तुति गर्ने कार्य भएको थियो । छलफलका नतिजाहरू तलको तालिकामा उल्लेख गरिएको छ-

**तालिका १: परामर्श बैठकका नतिजाहरू**

| सहभागीहरू | छलफलका निचोडहरू |
|---|---|
| संस्थागत विकास, सेवा प्रवाह र सुशासन | • नगरपालिका अन्तर्गत क्षमता विकास समिति गठन गरी आवश्यक तालिम सहित संस्थागत बनाउने कार्यलाई जोड दिने ।<br>• नगरपालिकालाई आवश्यक भए अनुसारका ऐन नियमावली कार्यविधि निर्देशिका नियम दिग्दर्शन आदिको तर्जुमा सम्बन्धी कार्यहरू भइरहेका छन् । अन्यको हकमा आवश्यकता अनुसार तयार गर्ने नीति रहेको ।<br>• विषयगत समितिहरूको गठन भए पनि क्षमता विकासको काम पुरा भएका छैनन् । वार्षिक योजना र बजेट समय सीमाभित्र तयार गरिन्छन् र अनुमोदित पनि हुन्छन् । यद्यपि निर्देशिकामा उल्लिखित सबै चरणहरूको उपयुक्त समय मिलान गर्न भने सकिएको छैन ।<br>• योजना छनोट प्रक्रियाका सबै चरणहरू पछ्याउने कार्य भएको छैन । प्राथमिकीकरण गर्ने प्रक्रियाका बारेमा सबै जनप्रतिनिधिहरू प्रस्ट नभएको अवस्था छ। |

| सहभागीहरू | छलफलका निचोडहरू |
|---|---|
| | • दरबन्दी अनुसारका कर्मचारीहरू भएतापनि आवश्यकता अनुसारको तालिम, गोष्ठी, भ्रमण आदिमा सहभागी हुन सकेको अवस्था छैन ।<br>• सबै शाखा तथा एकाइहरू सञ्चालित छन् । तर यी शाखा वा एकाइमा कार्यरत कर्मचारीहरूको कार्य विवरण बमोजिम कार्य सम्पादन का बारेमा अभिलेखीकरण गर्ने कार्यलाई संस्थागत गर्नुपर्ने छ ।<br>• नगरपालिकामा स्थानीयहरूको माग बमोजिम कार्यक्रम सञ्चालन गर्नका लागि आन्तरिक राजस्वमा वृद्धि गर्नुपर्ने हुन्छ ।<br>• सङ्घ प्रदेश र स्थानीय सरकारद्वारा सञ्चालन गरिएका योजना/कार्यक्रमहरूमा पर्याप्त समन्वय तथा सहकार्यको अभाव रहेको छ ।<br>• स्थानीय जनतामा मागमा आधारित योजना/कार्यक्रमहरूको कार्यान्वयनको लागि आवश्यक सूचना तथा ज्ञानको अभाव छ ।<br>• न्यायिक समितिले न्याय सम्पादनको कार्य गर्दै आएको भएतापनि आवश्यकता अनुसार तालिमको अभाव रहेको छ ।<br>• जनप्रतिनिधिहरू र कर्मचारीहरू सहितको तालिमको आवश्यकता रहेको छ ।<br>• निर्वाचित जनप्रतिनिधिहरू र कर्मचारीहरू बीच राम्रो सम्बन्ध रहेको छ ।<br>• न्यूनतम कागजात नपुगेको अवस्थामा पनि काम अघि बढाइँदिन सरोकारवालाहरूको दबाब रहेको देखिएको छ ।<br>• सार्वजनिक परीक्षण, सामाजिक परीक्षण, सार्वजनिक सुनुवाइ, गुनासो पेटिका, नागरिक वडा पत्र आदिको व्यवस्थापन र निरन्तरतामा जोड दिने । |
| सामाजिक विकास समिति | • नगरपालिकामा समावेशी सदस्यहरूको भूमिका कम रहेको । थप सक्रिय बनाउन जिम्मेवारी थप गर्नुपर्ने छ ।<br>• समावेशी कोटाबाट आएका कार्यपालिकाका सदस्यहरूलाई प्रवक्ता, विषयगत समितिका संयोजक वा अन्य गहन जिम्मेवारी सहितको भूमिका, पद तथा जिम्मेवारी दिने र थप जबाफदेही बनाउने ।<br>• वडा अध्यक्ष तथा सदस्यहरू वडास्तर मा विभिन्न विकासका कार्यक्रमहरूमा अनुगमन लगायतका गतिविधिहरूमा संलग्न रहँदै आएका।<br>• कार्यकारी लगायतका बोर्ड बैठकमा नियमित रूपमा भाग लिने गरेका तर सुनुवाइ भने कम हुने गरेको गुनासो आएको ।<br>• विषयगत समितिहरूको भूमिका थप प्रभावकारी बनाउन आवश्यक छ । यी समितिहरूमा पनि समावेशी सदस्यहरूलाई अन्तर सम्बन्धित समन्वयबाट थप सक्रिय बनाउन आवश्यक छ ।<br>• नगर कार्यपालिकाको बोर्ड बैठकमा वडा अध्यक्ष र कार्यपालिका सदस्यहरूको समान हैसियत भए ता पनि अधिकारहरूको प्रयोग गर्ने र अवसरहरूको उपयोग गर्ने सन्दर्भमा समानता देखिँदैन ।<br>• लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण सम्बन्धी तालिम गोष्ठी भ्रमण लगायतका क्रियाकलापहरूको सङ्ख्यामा वृद्धि गर्नुपर्ने ।<br>• समावेशीतासँग सम्बन्धित विकासका कार्यक्रमहरूमा अनुगमनलाई सशक्त बनाउने ।<br>• नगर कार्यपालिकाको कार्यालय तथा वडा कार्यालयहरूबाट प्रवाह गरिने सेवालाई थप प्रभावकारी बनाउन प्रयास गरिएको ।<br>• शिक्षा तथा स्वास्थ्यलाई थप प्रभावकारी र जन अपेक्षा अनुकूलको बनाउनको लागि प्रयास गरिने ।<br>• नगरपालिकाबाट गरिने हरेक क्रियाकलापहरूमा पारदर्शिता कायम गर्न जोड दिइएको । |

| सहभागीहरू | छलफलका निचोडहरू |
|---|---|
| आर्थिक विकास समिति | • वडा अध्यक्षहरू वडा वासीका सिफारिससँग सम्बन्धित कामहरूमा बढी व्यस्त हुन परेका कारण मानव जीवनसँग प्रत्यक्ष सरोकार राख्ने क्षेत्रहरू जस्तै कृषि, पशु ,उद्यम विकास लगायतका आय आर्जनका क्षेत्रहरूमा बढी ध्यान केन्द्रित गर्न नसकिएको।<br>• वडा वासी र वडा अध्यक्षहरू बीचको सम्बन्ध राम्रो रहेको तर योजना तर्जुमा लगायत सबै वस्तिका विकास निर्माणका क्रियाकलापहरूका बारेमा समय पुरा दिन नसकिएको।<br>• वडाहरूमा आर्थिक विकासको लागि प्राथमिकतामा राख्नुपर्ने घर धुरीहरूको वास्तविक पहिचान गर्ने कार्य नभएको ।<br>• समानुपातिक तथा समावेशी विकासमा अझै जोड दिनुपर्ने यसको लागि समय र स्रोत साधनमा ध्यान केन्द्रित हुनुपर्ने ।<br>• स- साना व्यवसायहरूलाई उद्यममा परिणत गर्ने प्रकृतिका कार्यक्रमहरूमा जोड दिनुपर्ने ।<br>• आय आर्जनका नयाँ क्षेत्रहरूको खोजी गर्नुपर्ने ।<br>• आर्थिक ऐनलाई वास्तविक र परिणाममूखी बनाउन थप छलफल गरी परिमार्जन गर्नुपर्ने ।<br>• राजस्वमा वृद्धि गर्नका लागि राजस्व सुधार कार्य योजना लगायत राजस्व परामर्श समितिलाई सक्रिय बनाउन पर्ने ।<br>• प्रशासनिक खर्चमा कटौती गरी विकास खर्च बढाउनको लागि प्रचलित ऐन कानुनमा संशोधन आवश्यक रहेको ।<br>• आर्थिक क्रियाकलापहरूसँग सम्बन्धित क्षेत्रका बारेमा तालिम गोष्ठी सेमिनारहरू भ्रमण आदि कार्यक्रमहरूमा वृद्धि गर्नुपर्ने । |
| पूर्वाधार विकास समिति | • नगर कार्यपालिकाको कार्यालय अन्तर्गत रहेको प्राविधिक शाखालाई थप जनशक्ति युक्त र तालिम प्राप्त बनाउन जोड गरिएको ।<br>• उपभोक्ता समितिहरूलाई तालिम दिएर मात्र काममा लगाउन जोड दिनुपर्ने ।<br>• उप प्रमुखको संयोजकत्वमा गठित अनुगमन समितिलाई थप प्रभावकारी बनाउने ।<br>• योजना तर्जुमा प्रक्रियालाई सहज, प्रभावकारी र परिणाम मुखी बनाउनको लागि सोही प्रकृतिको प्रणालीको विकास गर्ने ।<br>• योजना/ कार्यक्रमहरूको अन्तिम फछर्यौट गर्नु अघि अनिवार्य रूपमा सार्वजनिक परीक्षण गराउने व्यवस्थालाई थप जोड दिने ।<br>• भुक्तानीको लागि अनुगमन समितिको प्रतिवेदनलाई अनिवार्य सर्तका रूपमा लिने ।<br>• स-साना योजनाहरू भन्दा दिगो र स्थानीय स्रोत साधनको उपयोग हुने प्रकृतिका योजनालाई प्राथमिकतामा राख्ने ।<br>• जन अपेक्षा अनुसार सङ्कलन गरिएका योजनाहरूको कार्यान्वयनको लागि आन्तरिक राजस्व वृद्धिमा जोड दिने ।<br>• साना प्रकृतिका योजनाहरूको कार्यान्वयनमा ठेकेदारलाई भन्दा उपभोक्ता समितिलाई प्राथमिकता दिने ।<br>• योजनाको प्राविधिक सर्भे, लागत स्टिमेट पछि मात्र बजेट विनियोजन गर्ने । |
| वन वातावरण तथा विपद् व्यवस्थापन समिति | • नगरपालिकाबाट सम्पादन गरिने प्रत्येक योजना/कार्यक्रमहरूलाई वातावरण मैत्री बनाउने ।<br>• प्रत्येक योजना कार्यक्रममा लगानी गरिएको रकमको कम्तीमा पनि १०% बजेट वातावरण संरक्षणको क्षेत्रमा खर्चिने ।<br>• नगरपालिकाभित्र स्वच्छ खानेपानी र सरसफाइमा विशेष ध्यान दिइएको ।<br>• नगरपालिकामा वातावरण संरक्षण सम्बन्धी क्षेत्र हेर्ने शाखालाई थप प्रभावकारी बनाउँदै लगिएको । |

| सहभागीहरू | छलफलका निचोडहरू |
|---|---|
| | • वातावरण संरक्षणको क्षेत्रमा हाल विनियोजित बजेटको दरलाई क्रमशः बढाउँदै लगिने |

## ३.४ सबल पक्ष, सुधार गर्नुपर्ने पक्ष, अवसर र चुनौतीको विश्लेषण

सहभागितात्मक पद्धति मार्फत विश्लेषण गरिएको (SWOT) विधिलाई विषयगत क्षेत्र शासकीय प्रबन्ध, सङ्गठन तथा प्रशासन, वार्षिक बजेट तथा योजना, भौतिक पूर्वाधार, सामाजिक समावेशीकरण, वातावरण संरक्षण तथा विपद् व्यवस्थापन सम्बन्धी क्षेत्रमा सहकार्य र समन्वयमा आधारित भई जनप्रतिनिधिहरू र कर्मचारीहरू ले कार्य सम्पादनको सिलसिलामा अनुभव गरेका नगरपालिकाका सबल पक्ष, सुधार गर्नुपर्ने पक्ष, अवसर र चुनौतीहरू (SWOT) विश्लेषण गरिएको थियो । विश्लेषणको परिणाम हेर्दा प्रमुख समस्याहरू संक्रमणकालीन रहेका र अधिकार र जिम्मेवारीको ज्ञानमा कमी तथा स्रोत व्यवस्थापनसँग सम्बन्धित रहेका छन् । तर पनि निर्वाचित जनप्रतिनिधिहरूको उत्साह तथा प्रतिबद्धता र कर्मचारीहरूको निरन्तर सहयोग तथा समन्वय रहेकोले चुनौतीहरूको सामना गर्न कठिन छैन भन्ने देखिन्छ । अहिले प्रमुख चुनौतीको रूपमा रहेको वास्तविक लक्षित वर्गको पहिचान गरी सामाजिक वि भेदलाई निमिट्यान्न पार्ने सवाल हो भन्ने तथ्यमा सबै एकमत भएको देखियो । साथै लक्षित वर्गको सामाजिक तथा आर्थिक रूपान्तरणको लागि आय आर्जनमा वृद्धि गर्नका साथै पूर्वाधार विकासमा जोड दिनुपर्ने भनाई रहेको थियो ।

**तालिका २: SWOT विश्लेषणको नतिजा**

| विश्लेषणका क्षेत्रहरू | सबल पक्ष | सुधार गर्नुपर्ने पक्ष | अवसर | चुनौती |
|---|---|---|---|---|
| शासकीय प्रबन्ध | नगरपालिकाको कार्यालयबाट टाढा रहेका वडाको सेवालाई सहज बनाउनको लागि घुम्ती सेवाको रूपमा जिल्ला सदरमुकाम (बेनी बजार) बाट हप्ताको २ दिन सेवा प्रवाह हुँदै आएको, | घुम्ती सेवा प्रवाह गर्ने वडाहरूको लागि नगर कार्यपालिकाले भौतिक तथा व्यवस्थापन र थप जनशक्तिको लागि सहयोग गर्ने | वैकल्पिक रूपमा सेवा प्रवाह भइरहेको, नगर कार्यपालिका र वडाहरू घुम्ती सेवाको लागि उत्साहित | भौतिक तथा प्रविधि लगायत थप जनशक्ति व्यवस्थापनको लागि बजेट वृद्धि गर्ने कार्य, |
| शासकीय प्रबन्ध | नगर सभा नियमित सञ्चालन भइरहेको, कार्यपालिकाको बैठक नियमित रूपमा बसिरहेको, | नगर सभा सञ्चालन कार्यविधिलाई समय सापेक्ष परिमार्जन गर्दै जाने, | जन निर्वाचित प्रतिनिधिहरू सकारात्मक र उत्साहित ढङ्गले नगरपालिकाको काममा लागेका छन्, | साधन र स्रोत थप गर्ने, आवश्यकता अनुसारको कानुन तर्जुमा गर्ने, |

| विश्लेषणका क्षेत्रहरू | सबल पक्ष | सुधार गर्नुपर्ने पक्ष | अवसर | चुनौती |
|---|---|---|---|---|
| | नगर कार्यपालिकाको कार्यालय र सबै वडा कार्यालयहरूबाट सहज तरिकाले सेवा प्रवाह भइरहेको,<br>आवश्यक कानुनहरू तर्जुमा भइ कार्यान्वयन भइरहेको,<br>जनप्रतिनिधिहरू र कर्मचारीहरू मा कार्य जिम्मेवारीको बाँडफाँट भइ कार्यान्वयन भइरहेको, | | | |
| | नगरपालिकाद्वारा मुख्य मुख्य अन्तरराष्ट्रिय तथा राष्ट्रिय दिवसहरू मनाउँदै आइरहेको, | नगरपालिकाद्वारा मुख्य मुख्य अन्तरराष्ट्रिय तथा राष्ट्रिय दिवसहरूको सूची तयार गरी पालिका स्तरमा ती दिवसहरू नियमित रूपमा मनाउनका लागि कार्यविधि तथा बजेट एवं सम्पर्क अधिकृतको व्यवस्था गर्ने, | राष्ट्रिय दिवसहरू नियमित रुपमा सञ्चालन गर्नका लागि सङ्घीय सरकारले पत्राचार गरिरहेको, | व्यवस्थापन र बजेटको |
| | स्थानीय तह स्व मूल्याङ्कन सम्बन्धी कार्यहरू नियमित रूपमा सम्पादन हुँदै आएको, | पालिका का मूल्याङ्कन सूचकहरू उदाहरण LISA\FRRA\ILED आदिका लागि सम्पर्क व्यक्ति तथा वैकल्पिक सम्पर्क व्यक्तिका लागि पुनर्ताजगी सीप विकास कार्यक्रम | नगर कार्यपालिकाको कार्यालयमा सम्पर्क व्यक्तिको लागि कर्मचारीको अभाव नरहेको, | व्यवस्थापनको, |
| सङ्गठन तथा प्रशासन | कर्मचारी दरबन्दी पुरा भएको<br>कर्मचारी प्रशासन सम्बन्धी ऐन तर्जुमा भइ लागू भएको,<br>कर्मचारी प्रशासन चुस्त रहेको,<br>नगर प्रहरी परिचालित, | २०७८ सालमा तर्जुमा गरिएको सङ्गठन तथा व्यवस्थापन सर्वेक्षण प्रतिवेदनलाई पूर्ण रूपमा लागू गर्ने,<br>नगर प्रहरीलाई थप प्रभावकारी रूपमा परिचालन गर्ने | आफ्नो भवन सहित जनप्रतिनिधि र कर्मचारीहरूको संयुक्त प्रयासबाट आवश्यक ऐन, कानुनहरू निर्माण भइसकेको, कार्य सम्पादन गर्न | कर्मचारीको क्षमता विकासको लागि बजेटको अभाव, कानुन तथा |

| विश्लेषणका क्षेत्रहरू | सबल पक्ष | सुधार गर्नुपर्ने पक्ष | अवसर | चुनौती |
|---|---|---|---|---|
| | कर्मचारीको कार्य जिम्मेवारी बाँडफाँट भएको, सङ्गठन तथा व्यवस्थापन सर्वेक्षण प्रतिवेदन निर्माण भएको छ, | | आवश्यक पर्ने स्रोत साधन आवश्यकता अनुसार विद्यमान रहेको, आवश्यकता अनुसार प्रहरी संख्या रहेको | कार्यविधिको तर्जुमा गरी लागू गर्ने विषय, कानुनलाई व्यवहारमा प्रयोगमा ल्याउन, नगर प्रहरीलाई प्रशासन शाखा मार्फत थप प्रभावकारी बनाउने कार्य, |
| | मानव संसाधन विकास सम्बन्धी कार्य प्रशासन शाखाले हेर्ने व्यवस्था गरिएको, | मानव संसाधन विकास सम्बन्धी एकीकृत नीति तर्जुमा गरी लागू गर्ने | मानव संसाधन विकासको लागि जनप्रतिनिधि तथा कर्मचारी वर्ग सकारात्मक रहेका | मानव संसाधन सम्बन्धी नीति तर्जुमा गरी कार्यान्वयन गर्ने पक्ष, |
| वार्षिक बजेट योजना तर्जुमा व्यवस्थापन | विषयगत समितिहरू गठन हुनु, सात चरणका योजना तर्जुमाका चरणहरूलाई अवलम्बन गर्नु, योजना शाखा र प्राविधिक शाखामा दरबन्दी अनुसारका कर्मचारी व्यवस्थापन हुनु, | वस्ति स्तरबाट समावेशी तथा सहभागिता मूलक ढङ्गले प्राप्त भएका योजनाहरूलाई प्राथमिकता दिनुपर्ने जनप्रतिनिधिहरूलाई योजना तर्जुमा सम्बन्धी तालिम उपलब्ध गराउने,<br>योजना तर्जुमाको काम पुष माघमा गर्नुपर्ने, चौ मासिक तथा वार्षिक कार्यक्रमहरू तर्जुमा हुनुपर्ने, | वस्ति-वस्ति तथा वडाको प्रतिनिधित्व गर्ने जनप्रतिनिधिहरूबाट योजना तर्जुमाको कार्य हुनु,<br>कर्मचारीहरू योजना तर्जुमा सम्बन्धी तालिम प्राप्त हुनु,<br>स्थानीय जनताहरू आफ्ना समस्याहरू प्रति सचेत हुँदै आउनु, | योजना तर्जुमाको लागि ग्रामीण क्षेत्रमा जेठ असार महिना बाहेक अन्य हिउँदको समय उपयुक्त हुने,<br>योजना तर्जुमाको मर्म अनुसार योजना तर्जुमा हुनुपर्ने । आवधिक योजना अनुसार वार्षिक योजना निर्माण हुनुपर्ने,<br>पाकेटबाट योजना समावेश गर्ने पद्धतिको अन्त्य हुनुपर्ने, |

| विश्लेषणका क्षेत्रहरू | सबल पक्ष | सुधार गर्नुपर्ने पक्ष | अवसर | चुनौती |
|---|---|---|---|---|
| | बजेट तर्जुमा नियमित वार्षिक रूपमा हुने गरेको, योजनाहरू वस्ति स्तरबाट सङ्कलन गर्ने गरिएको, | बजेट तर्जुमा, आयोजना बैकको तयारी, मध्यम कालिन खर्च संरचना निर्माण तथा कार्यान्वयन, विशेष तथा समपुरक अनुदान आदिको प्रस्ताव तथा आयोजना तर्जुमा सम्बन्धी क्षमता विकास कार्यक्रमहरू सञ्चालन गर्ने, | पञ्च वर्षीय आवधिक योजना तर्जुमा भइसकेको छ । प्रस्ताव लेखन सम्बन्धी तालिमको लागि कर्मचारीहरू इच्छुक रहेका, | बजेट व्यवस्थापन गर्ने कार्य, |
| वित्तीय एवं आर्थिक व्यवस्थापन | लेखा प्रणाली सूत्रमा आबद्ध, आन्तरिक स्रोत सङ्कलनमा सुधार,<br>आर्थिक अनुशासन सहित बेरुजूको रकम कम, उद्यमी व्यवसायहरूको सङ्ख्यामा वृद्धि हुँदै गएको, | वित्तीय प्रतिवेदन सहित नगरपालिकाका निर्णयहरू कार्यान्वयन,वार्षिक खरिद योजना तथा खरिद गुरु योजना तर्जुमा गरी कार्यान्वयन गर्नुपर्ने, | सफ्टवेयर प्रणालीको विकास, लेखामा दक्ष जनशक्ति हुनु, नगरवासीको उद्यमतिर ध्यान केन्द्रित हुँदै जानु, | रकम निकासा समयमै हुनुपर्ने, वार्षिक बजेट तर्जुमा अनुसारको आन्तरिक राजस्व सङ्कलन हुन पर्ने, अधिकारको सूचीभित्र नपरेका क्षेत्रमा कार्य सम्पादन गर्न जनताको दबाब हुनु, |
| सेवा प्रवाह | नागरिक वडा पत्र अनुसार नागरिकको माग र चाहना अनुसार सेवा प्रवाह हुने गरेको, बैङ्क मार्फत कारोबार गर्ने प्रणालीको प्रारम्भ हुन थालेको, सबै वडामा पञ्जी करणको व्यवस्था भएको, विभिन्न विषयगत शाखा तथा वडा कार्यालयहरूबाट सेवा प्रवाह भइरहेको, | सबै वडाहरूमा डिजिटल नागरिक वडा पत्रको व्यवस्था गर्ने ।<br>दक्ष जनशक्ति अभावमा वैकल्पिक व्यवस्था गर्ने, घटना दर्तालाई थप व्यवस्थित गर्न सचेतना कार्यक्रम सञ्चालन गर्ने, | कार्यालय जनशक्ति आवश्यकता अनुसार रहेको, आधुनिक प्रविधिलाई पछ्याउँदै लगिएको, सबै वडाहरूमा पञ्जिकाधिकारीको व्यवस्था,नगर कार्यपालिकाको कार्यालयमा नागरिक वडा पत्रको व्यवस्था, | नागरिकहरूलाई सबै प्रकारका सेवा प्रवाहमा जानकारी गराउने, सबै वडा कार्यालयहरू प्रविधि तथा सुविधा सहितका निर्माण गर्ने, सूचनामा जनतालाई राम्रोसँग सुसुसित गर्ने |

| विश्लेषणका क्षेत्रहरू | सबल पक्ष | सुधार गर्नुपर्ने पक्ष | अवसर | चुनौती |
|---|---|---|---|---|
| | | | | गराउने, डिजिटल सेवा प्रवाहमा जोड दिने, |
| | सेवा ग्राहीहरूको लागि कार्यस्थल तथा प्रतीक्षालय बनाउनको लागि खाली जग्गा रहेको, | सेवा ग्राही मैत्री कार्यस्थल तथा प्रतीक्षालय (विन्यास) (Layout) निर्माण गर्ने | सेवा ग्राहीको सहजता र हितको लागि कार्यालय सकारात्मक रहेको | बजेट व्यवस्थापन, |
| | नगरपालिकामा चल्ने सवारी साधन बसदेखि ट्याक्टर सम्मका सवारी साधनहरूबाट लाभ ग्राहीहरू कार्यालय आउने जाने गर्छन् । | नगरपालिकामा चल्ने सवारी साधन बसदेखि ट्याक्टर सम्मका सवारी चालकहरूलाई ट्राफिक नियम तथा शिष्टाचार सम्बन्धी अभिमुखीकरण कार्यक्रम सञ्चालन गर्ने, | जिल्ला ट्राफिक कार्यालय जिल्ला सदरमुकाम अर्थात् बेनी बजारमा रहेको, | बजेट व्यवस्थापन |
| पूर्वाधार विकास | नगरपालिकाका सबै वडा कार्यालयहरू लगायत सबै प्रमुख वस्तिहरूमा ग्रामीण सडकको पहुँच बिस्तार भएको, सबै वस्तिहरूमा विद्युतीकरण, खानेपानीका स्रोतहरू भएको, जिल्ला सदरमुकाम भएका कारण अन्य सुविधाहरू पनि विस्तार भएको, | योजना तथा कार्यक्रमको गुणस्तरमा सुधार गर्ने, उपभोक्ता समितिलाई थप तालिम उपलब्ध गराउने, एक वडा एक प्राविधिक कर्मचारीको व्यवस्थापनलाई नियमित गर्ने, | ग्रामीण सडकहरूको ट्र्याक खोल्ने कार्य पुरा भएको अव स्तर उन्नति तर्फ ध्यान दिए हुने, नगरपालिकाको आफ्नै भवन निर्माण हुँदै वडा कार्यालयका भवनहरूमा सुविधा थप हुँदै गएको, क्षमता विकास योजना तर्जुमाको क्रममा रहेको,विद्युतीकरण झण्डै पुरा भएको | पूर्वाधार विकास तर्फ सबै ग्रामीण सडकहरूको स्तर उन्नति गर्ने, माग अनुसारको बजेटको व्यवस्थापन, उपभोक्ता समितिहरू अघोषित ठेकेदार, उपभोक्ता समितिमा बसेर काम गर्ने जनशक्तिको कमी, |
| सामाजिक समावेशीकरण | आवधिक तथा वार्षिक बजेट नीति तथा कार्यक्रममा समावेश गरिएको, लक्षित वर्ग मुखी सञ्जालहरू गठन गरिएको, नगरपालिकामा लैससास समिति गठन भइ सक्रिय रहेको, लक्षित | लैससास समितिलाई सक्रिय बनाउने, लक्षित वर्ग भित्र अन्तर सम्बन्धित पक्षलाई केलाएर मात्र स्रोत प्रवाह गर्ने, अति गरिब र | लक्षित वर्ग आफ्नो अधिकार र कर्तव्यमा सचेत हुँदै गएको अवस्था, लक्षित वर्ग मुखी बजेटमा क्रमशः वृद्धि हुँदै | बजेट वृद्धि गर्ने,अन्तर सम्बन्धित तह पत्ता लगाइ स्रोत प्रवाह गर्ने, |

| विश्लेषणका क्षेत्रहरू | सबल पक्ष | सुधार गर्नुपर्ने पक्ष | अवसर | चुनौती |
|---|---|---|---|---|
| | वर्ग आफ्नो अधिकारको लागि सचेत हुँदै गएको, नगरपालिकाबाट लक्षित वर्ग मुखी बजेट विनियोजन हुँदै आएको, | सीमान्तकृत वर्गको उत्थानका लागि जोड दिने, | गएको, स्रोत र साधनमा लक्षित वर्गको पहुँच विस्तार हुँदै गएको, निर्णायक तहमा लक्षित वर्गको सङ्ख्यामा वृद्धि हुँदै गएको, | |
| न्यायिक कार्यसम्पादन | न्यायिक समितिको गठन, मेलमिलाप कर्ताको व्यवस्था, न्यायिक समितिको प्रतिवेदन व्यवस्थित, नियमित तालिमको व्यवस्था, | मेलमिलाप केन्द्रमा थप सुविधा सहित बन्द इजलासको व्यवस्था गर्ने, न्यायिक समितिमा कानुनको कर्मचारी व्यवस्था गर्ने, न्यायिक समितिलाई थप तालिमको व्यवस्था गर्ने, | न्यायिक समिति सक्रिय रहेको, ऐन कानुनहरूको तर्जुमा भइरहेको,न्यायी समितिका सदस्यहरू निष्पक्ष भइ कार्य सम्पादन गर्न प्रयास गरिरहेको, | भौतिक पूर्वाधारको व्यवस्थापनमा जोड दिनुपर्ने, न्यायिक सम्पादन सम्बन्धी तालिमहरू नियमित हुने, न्यायिक समितिलाई राजनीतिबाट अलग राख्ने, |
| वातावरण संरक्षण तथा विपद् व्यवस्थापन | आवश्यक कानुनहरू तर्जुमा भएका, प्राकृतिक स्रोत साधनको प्रचुर वन ऐन तथा नियमावली प्रभावकारी रूपमा कार्यान्वयन हुँदै आएको, उपलब्धता,वातावरण संरक्षणमा जन चेतना बढ्दै गएको अवस्था, वातावरण संरक्षणमा नगरपालिका परिवार संवेदनशील रहेको, | तर्जुमा भएका कानुनहरूको प्रभावकारी कार्यान्वयन गर्नुपर्ने, विपद् व्यवस्थापन कोषलाई प्रभावकारी बनाउन पर्ने, सचेतन मूलक कार्यक्रमहरू सञ्चालन गर्नुपर्ने, विपद् मा आवश्यक पर्ने सामाग्रीहरूको पहिल्यै व्यवस्थापन गर्ने, | जनप्रतिनिधिहरू र कर्मचारीहरू वातावरण संरक्षणमा सचेत रहेको अवस्था,कानुनहरू तर्जुमा भइ सकेका छन्, वन जंगलको क्षेत्र बढ्दै गएको छ, | वास्तविक तथ्याङ्क अद्यावधिक गर्ने कार्य, विपद् व्यवस्थापन सम्बन्धी कोष बनाउने, आपत्कालिन सामाग्रीहरूको जोह गर्ने कार्य, वनमा लागि रहने डढेलो नियन्त्रण गर्ने, सामुदायिक वनमा आय आर्जनका |

| विश्लेषणका क्षेत्रहरू | सबल पक्ष | सुधार गर्नुपर्ने पक्ष | अवसर | चुनौती |
|---|---|---|---|---|
| | | | | कार्यक्रमहरू सञ्चालन गर्ने, |
| सहकार्य र समन्वय | प्रदेश सरकार र सङ्घ सरकारसँगको सम्बन्ध राम्रो रहेको, जिल्ला सदरमुकाम भएका कारण अन्तर पालिका स्तरीय सम्बन्ध सन्तोष जनक रहेको, जनप्रतिनिधि र कर्मचारी बीचको सम्बन्ध राम्रो रहेको, | सम्बन्ध र समन्वयको लागि नगरपालिकाको वास्तविक नीति र प्रणालीको विकास गर्नुपर्ने,सहकार्यको लागि सरोकारवालाहरूको पहिचान सहितको ToR बनाउँदा सजिलो, आफ्नो स्रोत साधनमा मात्र भर नपरी बाह्य स्रोत जुटाउनको लागि सोही अनुसारको नीति तर्जुमा गर्ने, | जिल्ला सदरमुकाम भएका कारण सम्बन्ध समन्वय र सहकार्य गर्न सहज, जनताका अपेक्षाहरूलाई सम्बोधन गर्नका लागि आन्तरिक राजस्वमा वृद्ध भएको अवस्था, | सबै पालिका हरू विकास निर्माण र सह अस्तित्वको सवालमा हातेमालो गर्न तयार हुने तथा प्रदेश र सङ्घ सरकारले सङ्घीयता को मर्म अनुसार कार्य गर्ने, |

## ३.५ नगरपालिकाको संस्थागत क्षमता विकास योजना विश्लेषणको अवस्था

बेनी नगरपालिका सँगको समन्वयमा संस्थागत क्षमता अध्ययन तथा विश्लेषण सम्बन्धी कार्य जनप्रतिनिधिहरू शाखा गत कर्मचारीहरू र वडा सचिवहरू समेतको व्यापक सहभागितामा गरिएको थियो । नगरपालिकाको वर्तमान संस्थागत कार्य क्षमता मापन सहभागितात्मक रूपमा गर्नका लागि ६ वटा विषयहरू जस्तै (क) विकास व्यवस्थापन (ख) सङ्गठन व्यवस्थापन (ग) वित्तीय व्यवस्थापन (घ) सूचना व्यवस्थापन (ङ) सुशासन (च) समन्वय र सहकार्यका क्षेत्रहरूलाई केन्द्रित गरी छलफललाई अघि बढाइएको थियो ।

**तालिका ३: नगरपालिकाको संस्थागत क्षमता विकास योजना विश्लेषण**

| क्षमता विकास क्षेत्र | भूमिका हुने शाखा तथा इकाइ र वडा नं सहित | कार्य सम्पादनलाई प्रभाव पारेको विषय | क्षमता विकासका उपायहरू (शाखा तथा वडागत रूपमा) |
|---|---|---|---|
| **क. विकास व्यवस्थापन** | | | |
| वार्षिक योजना कार्यान्वयन | प्र. प्र. अधिकृत, नगर प्रमुख, नगर उप प्रमुख र विषयगत शाखा/वडा कार्यालयहरू | वार्षिक योजना तर्जुमा गर्दा आवधिक योजनासँग मिलाउनु पर्ने, योजनाको प्राथमिक करण गर्दा p1 P2 र P3 मा विभाजन गरी कार्यान्वयन गर्ने पद्धतिको विकास भइ नसकेको, | आवधिक योजनालाई आधार बनाउँदै सहभागितात्मक विधिबाट वार्षिक योजना तर्जुमा गरी कार्यान्वयन गर्ने, |
| जनप्रतिनिधि तथा कर्मचारीहरूको लागि ToT तथा क्षमता विकास तालिम | प्रशासन तथा मानव संसाधन शाखा | सेवा प्रवाहलाई थप प्रभावकारी बनाउने | तालिम, गोष्ठी, भ्रमण लगायतका कार्यक्रमहरूको आयोजना, |
| पालिका को आवधिक/गुरु योजना लाई प्रभावकारी रूपमा कार्यान्वयन गर्ने | योजना प्रशासन शाखा, प्रशासन शाखा, अन्य विषयगत शाखा | वार्षिक योजनालाई दिशा निर्देश गर्न र नगरपालिकाले निर्माण गरेको लक्ष्यमा पुग्ने विषय | तर्जुमा भइसकेको आवधिक पञ्च वर्षीय योजनालाई लागू गर्ने |
| शिक्षासँग सम्बन्धित शैक्षिक गुरुयोजना वा गुणस्तर सुधारका लागि सम्भाव्यता अध्ययन, | शिक्षा तथा खेलकुद शाखा, योजना शाखा, प्रशासन शाखा, | लक्ष्य उद्देश्य कार्यनीति तथा रणनीति र उपलब्धिको वास्तविक खाका नभएको, | सबै नगर तथा वडामा रहेका कर्मचारी, जनप्रतिनिधि बीच समन्वय गरी विभिन्न गुरु योजना बनाउने, शैक्षिक गुरुयोजना निर्माण गर्नुपर्ने, |
| कृषिसँग सम्बन्धित कृषि गुरुयोजना वा कृषि क्षेत्रको व्यवसायीकरणका लागि सम्भाव्यता अध्ययनहरू वा व्यावसायिक योजनाहरू, | कृषि शाखा, प्रशासन शाखा, योजना शाखा, | कृषि क्षेत्रमा दिगो विकासका कार्यक्रमहरू तर्जुमा हुन नसकेको, कृषि क्षेत्रमा कार्यक्रम चलाउँदा सेवाग्राहीको चाप तथा कार्यक्रम गर्न नसकि काम गर्न गाह्रो भएको | योजना बनाएर कार्य गर्दा लक्ष्यमा पुग्न सहज हुने, |

| क्षमता विकास क्षेत्र | भूमिका हुने शाखा तथा इकाइ र वडा नं सहित | कार्य सम्पादनलाई प्रभाव पारेको विषय | क्षमता विकासका उपायहरू (शाखा तथा वडागत रूपमा) |
|---|---|---|---|
| पर्यटन गुरु योजना | योजना शाखा, प्रशासन शाखा | गुरु योजना नभएकोले पर्यटन क्षेत्रको विकासका कार्यक्रम गर्नका लागि अन्योल ता, | पर्यटन विकास गुरु योजना निर्माण गर्ने, आवश्यकता अनुसारको बजेट विनियोजन गर्ने, |
| समावेशी विकास नीति (लैङ्गिक, बालबालिका, सीमान्तकृत वर्ग, गरिबमुखी विकास) | सामाजिक शाखा, महिला तथा बालबालिका शाखा, प्रशासन शाखा | समुदायमा जातीय छुवाछूत निर्मूल नभएको, नियमित रूपमा जेसी परीक्षण हुन नसकेको, प्रभावकारी अनुगमन गर्न सहज नभएको, कुनै पनि समावेशी नीति (लैङ्गिक, बालबालिका, सीमान्तकृत वर्ग, सकारात्मक विभेद नीति) नबनेको | लक्षित वर्ग मुखी बजेट छिरलिने गरेकोले यसलाई दिगो तथा लक्षित वर्गमा पुग्ने गरी कार्यान्वयन गर्ने, बजेटको आकारमा वृद्धि गर्ने, सबैभन्दा पहिला नीति बनाउनुपर्ने, कार्यसम्पादनमा समावेशीतालाई ध्यान दिनुपर्ने, पूर्वाधारका कार्यमा भन्दा मानव संशोधनका क्षेत्रहरू तालिम, गोष्ठी, भ्रमण आदिमा जोड दिनुपर्ने, |
| वातावरण, जलवायु परिवर्तन व्यवस्थापन नीति | वातावरण विपद् व्यवस्थापन शाखा, प्रशासन शाखा, प्राविधिक शाखा | वन, वातावरण तथा विपद् व्यवस्थापन सक्रिय हुन नसकेको, नीति नबनेको र कार्यमा असहज वातावरण भएको<br>जनप्रतिनिधि र सम्बन्धित शाखाबीच समन्वय कम भएको, | नीतिगत तथा कार्यक्रमगत कुराको लागि सबै सम्बन्धित निकाय बीच समन्वय र सहकार्य गरी कार्य अगाडि बढाउनु पर्ने, |
| वार्षिक योजना तर्जुमा | योजना शाखा | वार्षिक योजना तर्जुमा गर्न कर्मचारी र जनप्रतिनिधिको लागि तालिम आवश्यकता अनुसार हुन नसकेको, | वार्षिक रूपमा योजना बनाउनु पर्ने<br>योजना बनाउँदा दिगो, प्रभावकारी तथा लक्षित वर्ग मुखी बनाउनुपर्ने, |
| दिगो विकास लक्ष्यको स्थानीयकरण | योजना शाखा, आर्थिक प्रशासन शाखा, अन्य विषयगत सम्पूर्ण शाखाहरू | योजना नबनाएर कार्य गर्दा बाधा अप्ठ्यारा हरू हुने गरेको, | दिगो विकास लक्ष्यका बारेमा तालिम सञ्चालन गर्ने, दिगो विकासको लागि मापदण्ड सहित कार्यविधि तर्जुमा गर्ने, पहिला त हरेक कुरा नियममा हुनु पर्ने जनप्रतिनिधिले योजना बनाउँदा दिगो विकासलाई ध्यान दिइ तर्जुमा गर्नुपर्ने, |
| मर्मत सम्भार व्यवस्थापन | प्राविधिक शाखा, योजना शाखा, जिन्सी शाखा | गुणस्तरीय सेवा प्रवाह<br>सेवा प्रवाहमा सहजता | स्रोत साधनको व्यवस्था गर्ने<br>साङ्गठनिक व्यवस्था ,अनुगमन र मूल्याङ्कन |

| क्षमता विकास क्षेत्र | भूमिका हुने शाखा तथा इकाइ र वडा नं सहित | कार्य सम्पादनलाई प्रभाव पारेको विषय | क्षमता विकासका उपायहरू (शाखा तथा वडागत रूपमा) |
|---|---|---|---|
| अनुगमन तथा मूल्याङ्कन प्रणाली र अभिलेखीकरण प्रणाली | नगर उप प्रमुख को सचिवालय, योजना शाखा, प्राविधिक शाखा, प्रशासन शाखा | अनुगमन समितिको क्षमता अभिवृद्धि, समय सापेक्ष हुन नसकेको, गुणस्तरमा सुधार गर्नुपर्ने, | सहभागितात्मक अनुगमन तथा मूल्याङ्कन प्रणालीलाई निरन्तरता दिने,<br>पृष्ठपोषणबाट आएका सुझावको कार्यान्वयन गर्ने, |
| **ख. संस्थागत सङ्गठन र संरचना व्यवस्थापन** | | | |
| कर्मचारी सङ्गठन संरचना तथा कार्य विभाजन | प्रशासन शाखा, योजना शाखा, आर्थिक प्रशासन शाखा, वडा कार्यालय र अन्य विषयगत शाखाहरू, | ,<br>कार्य विश्लेषण बमोजिम पूर्ण कार्य विभाजन गर्न बाँकी रहेको, सङ्गठन तथा व्यवस्थापन सर्वेक्षण प्रतिवेदन निर्माण भए पनि पुर्ण कार्यान्वयन हुन नसकेको, | कार्य विवरणलाई अद्यावधिक गर्ने,<br>दरबन्दीको पूर्व प्रभाव विश्लेषण गर्ने,<br>निश्चित समयमा जिम्मेवारी हेरफेर गर्ने,<br>कार्यालयलाई चुस्त, दुरुस्त बनाउनु पर्ने,<br>कार्य सम्पादनका आधारमा पुरस्कार र दण्डको व्यवस्था गर्ने, |
| नगर प्रहरीको व्यवस्थापन | प्रशासन शाखा | नगर प्रहरीको व्यवस्थापनमा अन्योल, कार्य सम्पादनमा कमी, | प्रभावकारी कार्यान्वयनको लागि कार्यविधि सहित व्यवस्थापन गर्ने |
| आन्तरिक सञ्चार | सूचना तथा प्रविधि शाखा, प्रशासन शाखा, दर्ता तथा चलानी फाँट, सूचना अधिकारी, | सूचना तथा जानकारी, कम्प्यूटरकृत प्रणाली सामाजिक सञ्जाल, इन्टरनेट, इमेल, वेबसाइट | सूचनाको सङ्कलन, वर्गीकरण र स प्रेषण |
| कर्मचारीहरूको आचार संहिता | नगर प्रमुख र नगर उप प्रमुख को सचिवालय, प्रमुख प्रशासकीय अधिकृत, प्रशासन शाखा | कर्मचारीको कार्य सम्पादन नियमितता, अनुशासन | नियम, कानुनप्रति प्रतिबद्ध बनाउने,<br>कार्यालय प्रमुखले अनुगमन र मूल्याङ्कन गर्ने व्यवस्था गर्ने, |
| कर्मचारीहरूको कार्यविवरण र कार्यसम्पादन मूल्याङ्कन | प्रमुख प्रशासकीय अधिकृत, प्रशासन शाखा | ऐन नियम विधिको कमी | कर्मचारी प्रशासन सम्बन्धी विनियम तयार गरी थप स्पष्ट व्याख्या गर्नुपर्ने,<br>नियुक्ति पदस्थापन र जिम्मेवारी दिँदा कार्यविवरण र त्यसको मूल्याङ्कन गरी आधार समेत उपलब्ध गराउनुपर्ने,, |

| क्षमता विकास क्षेत्र | भूमिका हुने शाखा तथा इकाइ र वडा नं सहित | कार्य सम्पादनलाई प्रभाव पारेको विषय | क्षमता विकासका उपायहरू (शाखा तथा वडागत रूपमा) |
|---|---|---|---|
| | | | वार्षिक कार्य सम्पादन गर्ने प्रणालीमा करार सेवालाई पनि समावेश गरी नियमितता दिने । |
| **ग. वित्तीय व्यवस्थापन** | | | |
| बजेट आम्दानी तथा खर्च प्रणाली | प्रमुख प्रशासकीय अधिकृत, लेखा शाखा, योजना शाखा, जिन्सी शाखा | आम्दानी र खर्च प्रणालीलाई थप अपडेट गर्ने, प्रविधिमा प्रविष्ट गर्ने कार्यमा जोड दिने, | आर्थिक प्रशासन विनियमको तर्जुमा, सेवा उन्मुख आर्थिक सहायता कार्यविधिको निर्माण, |
| खरिद प्रणाली | प्रमुख प्रशासकीय अधिकृत, लेखा शाखा, जिन्सी शाखा, | परम्परागत कार्य प्रणालीको अभ्यास, PAMS को व्यवस्थित प्रयोग, | नीति कार्यविधि, प्राथमिकता र धारणामा परिवर्तन, खरिद योजना निर्माण, अभिमुखीकरण र राजनीतिक प्रतिबद्धता, |
| सम्पत्ति व्यवस्थापन | प्रमुख प्रशासकीय अधिकृत, लेखा शाखा, प्रशासन शाखा, जिन्सी शाखा | कतिपय अवस्थामा ऐन,कानुन बाधक, दक्षता तथा क्षमताको कमी, समन्वयको अभाव सामाजिक, आर्थिक तथा राजनीतिक समस्या | अभिमुखीकरण र राजनीतिक प्रतिबद्धतालाई एजेन्सीको समन्वयमा लागत सङ्कलन एवम् अद्यावधिक संरक्षण विधि प्रक्रिया र प्रणालीको विकास तथा समुदाय न.पा साझेदारी विकास, |
| आन्तरिक नियन्त्रण प्रणाली र लेखा परीक्षण | प्रमुख प्रशासकीय अधिकृत, लेखा शाखा लगायत सम्बद्ध अन्य शाखा | स्रोत साधनको अभाव तालिम प्राप्त जनशक्ति र दक्षताको कमी | लेखा समितिलाई सक्रिय बनाउने, बेरुजू फस्यौंट परियोजना व्यवस्थापन सम्बन्धी तालिम, |
| प्रतिवेदन प्रणाली | योजना शाखा, लेखा शाखा लगायत सम्बद्ध अन्य शाखा, | अभ्यासमा कम चासो, दक्षताको कमी अनुगमनको कमी, | प्रतिवेदन लेखन तालिम, प्रभावकारी अनुगमनको व्यवस्था गर्ने, नमुना फर्महरूको व्यवस्थापन गर्ने; |
| **घ. सूचना व्यवस्थापन** | | | |
| अभिलेख व्यवस्थापन | प्रशासन शाखा, सूचना शाखा, दर्ता चलानी फाँट तथा अन्य सम्बद्ध शाखाहरू, | नगर प्रोफाइल अद्यावधिक नभएका कारण योजना तर्जुमा, लक्षित वर्गको पहिचान, सूचनाको सहज प्रवाह आदि कार्यमा सहज नभएको । | नगर प्रोफाइललाई अद्यावधिक गर्ने, सफ्टवेयर निर्माण, कार्यालयको वेबसाइटबाट आवश्यक सूचना प्रेषित गर्ने, नगर पार्श्वचित्र सम्बन्धी तालिम, सूचकहरूको तयारी र नक्साङ्कन, |
| सूचना प्रविधिको उपयोग र विस्तार | सूचना तथा प्रविधि शाखा, प्रशासन शाखा, दर्ता चलानी फाँट | वडा कार्यालयहरूमा ज्ञान, सीप र प्राविधिक क्षमता र आर्थिक स्रोतको कमी, सबै वडाहरूमा विद्युतको पहुँच नियमित नहुनु, | प्रक्रिया र कार्यविधि प्रस्ट तयार गर्नु पर्ने |

| क्षमता विकास क्षेत्र | भूमिका हुने शाखा तथा इकाइ र वडा नं सहित | कार्य सम्पादनलाई प्रभाव पारेको विषय | क्षमता विकासका उपायहरू (शाखा तथा वडागत रूपमा) |
|---|---|---|---|
| | | | सूचना सङ्कलन विश्लेषण र अद्यावधिक गर्ने कार्यलाई नियमित गर्नु पर्ने, वडा कार्यालयहरूमा विद्युतको वैकल्पिक व्यवस्था गर्नुपर्ने, |
| जनसहभागिता (नीतिगत तह देखी कार्यान्वयन तहसम्म) | नगर कार्यपालिका, प्रशासन शाखा योजना शाखा,<br>अन्य सम्बद्ध विषयगत शाखा,<br>आर्थिक प्रशासन तथा लेखा शाखा, | जनसहभागिता सम्बन्धी स्पष्ट अवधारणा र कार्यविधिको अभावका कारण योजना प्रक्रियामा सहभागी तथा तालमेलको अभाव रहने,<br>योजना हस्तान्तरण विधिको विकास नहुने, | निर्माण भएका निर्देशिका तथा कार्यविधि समय समयमा परिमार्जन गरी सम्बन्धित पक्षलाई तालिमको व्यवस्था गर्नुपर्ने, मर्मत सम्भारका लागि स्थानीय स्रोत साधनको व्यवस्था गर्नुपर्ने, |
| योजना चक्रमा समावेशीकरण र सरोकारवालाको संलग्नता<br>पालिकाका समग्र गतिविधि र आर्थिक कारोबारको पारदर्शिता तथा सूचना प्रवाह | प्रशासन शाखा,<br>लेखा शाखा,<br>विषयगत शाखा,<br>अन्य सम्बद्ध शाखा, | सेवा ग्राहीलाई विषयवस्तुको ज्ञान नभएको,<br>कागजी प्रक्रियालाई मात्र महत्त्व दिइएको,<br>सूचना सार्वजनिक गर्न नचाहने प्रवृत्ति, | प्रक्रिया र कार्यविधि प्रस्ट रूपमा तयार पार्नुपर्ने,<br>सूचना सङ्कलन विश्लेषण र अद्यावधिक गर्ने कार्यलाई नियमित गर्ने, |
| जबाफदेहीता र गुनासो व्यवस्थापन | प्रमुख प्रशासकीय अधिकृत<br>प्रशासन शाखा<br>सूचना शाखा<br>अन्य सम्बद्ध शाखा | उत्तरदायित्वमा आधुनिक अवधारणाको अभाव गुनासो सुनुवाइ, कम प्राथमिकतामा पर्नु, | प्रत्येक चौमासिक, तथा वार्षिक सार्वजनिक सुनुवाइको व्यवस्था मिलाउनुपर्ने, वडास्तर र पालिका स्तरमा सार्वजनिक सुनुवाइलाई नियमित प्रक्रिया बनाउनुपर्ने, गुनासो सुनुवाइ कार्यविधि तयार गर्नुपर्ने, गुनासो सुन्ने अधिकारीको भूमिका थप प्रभावकारी बनाउने, |
| **ङ .समन्वय र सहकार्य** | | | |
| सङ्घीय निकायहरू तथा प्रदेश सरकार | नगर प्रमुख, प्रमुख प्रशासकीय अधिकृत, | योजना प्रक्रियामा सहभागी तथा तालमेलको अभाव संस्थागत संरचनाहरू गठन नभएको अवस्था, | सहभागितात्मक नगर विकास कार्यविधि तर्जुमा गर्नुपर्ने, अधिकार र जिम्मेवारी सहितको विभिन्न समिति तथा उपसमितिहरूलाई सक्रिय बनाउने र ToR निर्माण, सूचना नेटवर्किङ्ग, एकीकृत |

| क्षमता विकास क्षेत्र | भूमिका हुने शाखा तथा इकाइ र वडा नं सहित | कार्य सम्पादनलाई प्रभाव पारेको विषय | क्षमता विकासका उपायहरू (शाखा तथा वडागत रूपमा) |
|---|---|---|---|
| | | | प्रतिवेदन ढाँचालाई नियमित रूपमा प्रयोगमा ल्याउने, |
| सम्बन्धित कार्यक्रम तथा परियोजनाहरू | नगर प्रमुख, प्रमुख प्रशासकीय अधिकृत र सम्बन्धित शाखा प्रमुख | योजना प्रक्रियामा सहभागिता तथा तालमेलको अभाव, सहकार्य, अभ्यास र सूचना प्रणालीको अभाव, | सूचना नेटवर्किङ्ग एकीकृत प्रतिवेदन ढाँचा निर्माण गर्नुपर्ने, वार्षिक बजेट तथा कार्यक्रम एवम् कार्य योजना कार्यपालिकामा पेस गर्न लगाउनु पर्ने, |
| गैससं तथा समुदायमा आधारित संस्थाहरू | नगर प्रमुख, नगर उप प्रमुख, प्रमुख प्रशासकीय अधिकृत र सम्बन्धित शाखा प्रमुख, | योजना प्रक्रियामा सहभागी तथा तालमेलको सहकार्य, अभ्यास र सूचना प्रणालीको अभाव | सूचना नेटवर्किङ्ग एकीकृत प्रतिवेदन ढाँचा निर्माण गर्नुपर्ने,<br>वार्षिक बजेट तथा कार्यक्रम एवम् कार्य योजना कार्यपालिकामा पेस गर्न लगाउनु पर्ने, |
| निजी क्षेत्र | नगर प्रमुख, प्रमुख प्रशासकीय अधिकृत र सम्बन्धित शाखा प्रमुख | योजना प्रक्रियामा सहभागीता तथा तालमेलको अभाव, | निरन्तरता, संस्थागत एवम् स्तरोन्नति, अन्तर सम्बन्ध समन्वयात्मक वातावरण, |
| अन्तर स्थानीय सरकार | नगर प्रमुख, प्रमुख प्रशासकीय अधिकृत र सम्बन्धित शाखा प्रमुख | संस्थागत सम्बन्ध कम हुनु<br>सम्बन्धका स्रोत र प्रणाली स्पष्ट नहुनु<br>ज्ञान, सीप, क्षमता र जनशक्तिको कमी, | सरोकारवाला, तालुक निकायसँग सम्पर्क अन्तरक्रिया अनुगमन र मूल्याङ्कनमा ती निकायहरूको संलग्नता, समन्वय र सम्बन्धमा संयन्त्रहरू र कार्यविधिहरू एवम् मार्गनिर्देशन/ नीतिबारे जानकारी प्राप्ति |
| अन्तर शाखा | नगर प्रमुख, नगर उप प्रमुख, प्रमुख प्रशासकीय अधिकृत र सम्बन्धित शाखा प्रमुख, | सम्बन्धका स्रोत र प्रणाली स्पष्ट नहुनु,<br>ज्ञान, सीप, क्षमताको कमी, | साप्ताहिक, पाक्षिक तथा मासिक नियमित स्टाफ बैठकको आयोजना, अनुगमन र मूल्याङ्कनमा ती निकायहरूको संलग्नता, समन्वय र सम्बन्धमा संयन्त्रहरू र कार्यविधिहरू एवम् मार्गनिर्देशन/ नीति बारे जानकारी प्राप्ति, |

## ३.६ सङ्गठनात्मक तथा संस्थागत क्षमता स्व मूल्याङ्कनको लेखाजोखा

स्थानीय तहको कार्य प्रक्रिया र उपलब्धिहरूको बारेमा लेखाजोखा गरी सबल र दुर्बल पक्षहरूको पहिचान गर्न, विकास तथा सुशासनमा रहेका कमी कमजोरीहरूको जानकारी लिन, आवधिक समीक्षाको लागि आधार प्राप्त गर्न र नगरपालिका तथा नगरपालिकाहरूको बीचमा तुलना योग्य सूचकहरू तर्जुमा गरी प्रतिस्पर्धात्मक सुधारमा अग्रसर गराई स्थानीय तहलाई सक्षम र प्रभावकारी बनाउन आवश्यकता महसुस गरी स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ८० को प्रयोजनको लागि सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयले स्थानीय तह संस्थागत क्षमता स्व मूल्याङ्कन कार्यविधि,२०७७ तर्जुमा गरी स्थानीय तहमा लागू गरेको हो ।

नगरपालिकामा कार्यरत कर्मचारीहरूलाई आफ्नो जिम्मेवारी प्रति थप संवेदनशील बनाउनको लागि नगरपालिकाले सङ्गठन संरचनालाई आवश्यकता अनुसार समय सापेक्ष पुनरावलोकन गर्दै जानुपर्ने हुन्छ । कर्मचारीहरूको कार्यसम्पादन मूल्याङ्कन गर्दा कार्य विवरणको आधारमा गर्नुपर्ने हुन्छ । यसबाट काममा गुणस्तर बढ्नु का साथै जिम्मेवारी बोधले क्रमशः काम गर्ने क्षमतामा समेत विकास गर्नेछ । शाखा प्रमुख कर्मचारीहरूको साप्ताहिक तथा पाक्षिक बैठक र अन्य कर्मचारीहरू सँगको मासिक बैठक नियमित र प्रभावकारी बनाउन आवश्यक छ । उक्त बैठकबाट प्राप्त सुझावहरूलाई नगरपालिकाको बैठकमा तथा नगरपालिकाको बैठकबाट भएका निर्णयहरूलाई कर्मचारीहरूको स्टाफ बैठकमा जानकारी गराउँदा नीति गत निर्णय गर्ने महत्त्वपूर्ण थलो कार्यपालिका बैठक र कार्यान्वयन गर्ने महत्त्वपूर्ण निकाय कर्मचारी संयन्त्र बीच दोहोरो सूचना आदान प्रदान हुनुको साथै यसले एक आपसमा आत्मीयता तथा विश्वसनीयता बढाउन सहयोग गर्दछ । यसले गर्दा नगरपालिकाको कार्यसम्पादन प्रभावकारी हुनुको साथै सेवा प्रवाहमा पनि गुणस्तर वृद्धि हुन जाने देखिन्छ । नगरपालिकाले तयार गरेको क्षमता विकास योजनालाई वार्षिक योजनामा समावेश गरी प्रभावकारी कार्यान्वयन गर्न आवश्यक छ । नगरपालिकाको कार्यकुशलता कर्मचारीहरूको क्षमतामा निर्भर हुने भएका कारण ज्ञान, सीप, धारणा र कार्य वातावरणमा नगरपालिकाले विशेष ध्यान दिन आवश्यक हुन्छ । निक्षेपित कार्यक्रम तथा कार्यालयको कामलाई सहरीकरण गर्नु तथा अनुगमन गरी कामको गुणस्तर थाह पाउनु नगरपालिकाको जिम्मेवारी भएका कारण यसका लागि सम्पर्क व्यक्ति तोक्ने र अनुगमन प्रणालीलाई सुदृढीकरण गर्नुपर्ने हुन्छ ।

वर्तमान कानुनले स्थानीय सरकारहरूलाई दिएको गहन जिम्मेवारी र कार्य संरचनाको कारण नगरपालिकाको क्षमता विश्लेषणको आधारलाई विस्तार गरी तलका १० वटा क्षेत्रहरू निर्धारण गरी सूचकको सङ्ख्या समेत थप गरी १०० वटा सूचकका आधारमा एकीकृत साङ्गठनिक मोडेल बनाई यसका आधारमा विस्तृत विश्लेषण गरी प्राप्त परिणामलाई तलको तालिकामा प्रस्तुत गरिएको छ । तालिकामा विषयगत क्षेत्र अनुसार लिजामा नगरपालिकाले प्राप्त गरेको अङ्क भार उल्लेख गरिएको छ-

**तालिका ४: सङ्गठनात्मक तथा संस्थागत क्षमताको लेखाजोखाबाट प्राप्त संक्षिप्त अङ्क भार**

| विषयगत क्षेत्र | पूर्णाङ्क | प्राप्ताङ्क | प्राप्ताङ्क प्रतिशत | फरक | फरक प्रतिशत | समग्र नतिजा |
|---|---|---|---|---|---|---|
| शासकीय प्रबन्ध | ९ | ९ | १०० | ० | ० | उत्कृष्ट |
| सङ्गठन तथा प्रशासन | ८ | ८ | १०० | ० | ० | उत्कृष्ट |
| वार्षिक बजेट तथा योजना व्यवस्थापन | ११ | ११ | १०० | ० | ० | उत्कृष्ट |
| वित्तीय तथा आर्थिक व्यवस्थापन | ११ | १०.५ | ९५.४५ | ०.५ | ४.५४ | उत्कृष्ट |
| सेवा प्रवाह | १६ | १४.५ | ९१.० | १.५ | ९.३७ | उत्कृष्ट |
| न्यायिक कार्य सम्पादन | ७ | ७ | १०० | ० | ० | उत्कृष्ट |
| भौतिक पूर्वाधार | १३ | १० | ७७.०० | ३ | २३ | राम्रो |
| सामाजिक समावेशिकरण | १० | १० | १०० | 0 | ० | उत्कृष्ट |
| वातावरण संरक्षण तथा विपद् व्यवस्थापन | ९ | ६.५ | ७२.२२ | २.५ | २८ | राम्रो |
| सहकार्य र समन्वय | ६ | ५ | ८३.३३ | १ | १७ | उत्कृष्ट |
| **जम्मा** | **१००** | **९१.५** | **९१.५** | **८.५** | **८.५** | **उत्कृष्ट** |

**तालिका ५: लेखाजोखा गर्दा अपनाइएको स्तर निर्धारणका मापदण्डहरू**

| प्राप्ताङ्क | ८० प्रतिशतभन्दा बढी | ६० देखि ७९ प्रतिशत सम्म | ४० देखि ५९ प्रतिशत सम्म | ४० प्रतिशतभन्दा कम |
|---|---|---|---|---|
| समग्र नतिजा | उत्कृष्ट | राम्रो | कमजोर | अति कमजोर |

संस्थागत क्षमताको विश्लेषणबाट प्राप्त अङ्क भारका आधारमा यस नगरपालिका समग्र क्षमताको स्तर उत्कृष्ट अर्थात् ९१.५% अङ्क प्राप्त गर्न सफल भएको छ । विषयगत क्षेत्रहरूको अलग-अलग क्षमता विश्लेषण गर्दा शासकीय प्रबन्ध, सङ्गठन तथा प्रशासन, वार्षिक बजेट तथा योजना व्यवस्थापन न्यायिक कार्य सम्पादन र सामाजिक समावेशीकरण गरी ५ वटा सूचकमा १०० प्रतिशत अङ्क प्राप्त गर्न सफल भएको छ । त्यसैगरी वित्तीय तथा आर्थिक व्यवस्थापनमा ११ पूर्णाङ्क मा १०.५ अर्थात् ९५.४५ प्रतिशत प्राप्त गरी दोस्रो स्थान प्राप्त गरेको छ । सेवा प्रवाहमा १६ पूर्णाङ्कमा १४.५ अर्थात् ९१ प्रतिशत सहित तेस्रो स्थान, समन्वय र सहकार्यमा ६ पूर्णाङ्कमा ५ अङ्क अर्थात् ८३.३३ प्रतिशत, चौथोमा भौतिक पूर्वाधार क्षेत्रमा १३ मा १० अङ्क अर्थात् ७७ प्रतिशत र पाँचौं स्थानमा वातावरण संरक्षण तथा विपद् व्यवस्थापनमा ९ पूर्णाङ्कमा ६.५ अङ्क अर्थात् ७२.२२ प्रतिशत गरेका छन् ।

नगरपालिकाले गरेको अपेक्षित अवस्था र प्राप्ताङ्क बीचमा सबैभन्दा बढी फराकिलो भिन्नता ५२.२७% वार्षिक बजेट तथा योजना व्यवस्थापनको क्षेत्रमा रहेको पाइयो । त्यसैगरी दोस्रो ठूलो अन्तर भौतिक पूर्वाधारको क्षेत्रमा ३८.४६% रहेको छ भने तेस्रो फराकिलो स्थानमा ३५.७१% न्याय सम्पादनको क्षेत्र रहेको छ । यी बाहेक अन्य ७ वटा क्षेत्रहरूको भिन्नता तुलनात्मक रूपमा कम रहेको छ । क्षमता विकासका दृष्टिकोणले ठूलो भिन्नता भएका क्षेत्रहरूमा हाल देखिएको खाली (Gap) लाई घटाउनका लागि नगरपालिकाले संस्थागत सबलीकरणमा ध्यान दिनुपर्ने देखिन्छ । यसले नागरिकमा सुशासन र विकासको अनुभूति गराउन सहयोग पुर्याउँछ । यसको अ लावा असल कार्यको अनुसरण गर्दा जस्तै दक्ष कर्मचारीको अभाव,नियम कानुनको अभाव, भर खरै मात्र निर्वाचित भएर आएका नयाँ जनप्रतिनिधिहरू, नियम कानुनको अभाव,सीमित स्रोत साधनका वावजूद पनि स्थानीय कानुन निर्माण योजना तर्जुमा,पूर्वाधार विकास, क्षमता विकास, राजस्व सङ्कलन तथा बजेट निर्माण,न्याय सम्पादन, सेवा प्रवाह,पारदर्शिता तथा सुशासन, सूचना प्रविधिको प्रयोग गरिएका पहलहरू प्रशंसा योग्य छन् । क्षमता विकासको दृष्टिले उल्लिखित १० वटा क्षेत्रमा प्राप्त गरेको अङ्कलाई माकुरी जालोमा देहाय बमोजिम प्रस्तुत गरिएको छ ।

**चित्र १: संस्थागत विकास योजना विश्लेषणको अवस्था (आ.व. २०७९/०८०)- माकुरी जालोमा**




## ३.७ क्षमता विकास सम्बन्धी सञ्चालित गतिविधिहरू

स्थानीय सरकार जनताको सबैभन्दा नजिकको अभिभावक हो भन्ने मान्यता अनुरूप नेपालको संविधान, स्थानीय सरकार सञ्चालन ऐन, २०७४ लगायत हाल कार्यान्वयन भइरहेका कानुनहरूले स्थानीय सरकारलाई जनताको सेवा गर्न तथा स्थानीयस्तरको विकासका गतिविधिहरू सञ्चालन गर्नका लागि पर्याप्त अधिकार दिएको छ । स्थानीय सरकारमा जनप्रतिनिधिहरूले जिम्मेवारी सम्हालेपछि उनीहरू जनसहभागिता मूलक प्रणाली अवलम्बन

गर्दै आफ्ना नगरवासी तथा समुदायका विभिन्न वर्ग, तह र थप्काका जनताका समस्याहरू समाधान गर्न प्रयास रत छन् । गरिबी न्यूनीकरण गर्नु, सुशासन प्रवर्द्धन गर्नु का साथै स्वास्थ्य, शिक्षा जस्ता जनताका आधारभूत आवश्यकताहरू समाधानको लागि प्रयास रत छन् । एउटा स्थानीय तहले सङ्घीय सरकारका धेरै मन्त्रालयहरूद्वारा सम्पादन गर्नुपर्ने कार्यहरू वहन गर्नुपर्ने कानुनी प्रावधान भएका कारण पनि उनीहरू काममा व्यस्त रहन पर्ने अवस्था छ । अतः स्थानीय तहमा कार्यरत जनप्रतिनिधिहरू तथा कर्मचारीहरू ले जनताका सबै प्रकारका समस्याहरू समाधान गर्नका लागि उनीहरू आफै पनि सक्षम र अनुभवी हुन जरुरी छ । स्थानीय सरकारसँग सम्बन्धित क्षमता विकासका क्षेत्रहरू जस्तै संस्थागत तथा मानव संसाधन विकाससँग सम्बन्धित प्रशासनिक संयन्त्र, सेवाहरूको प्रभावकारी प्रवाह, योजना तर्जुमा र अनुगमन, कानुन र नीति निर्माण लगायत समग्र विकास प्रक्रियाहरू प्रभावकारी रूपमा सञ्चालन गर्न सक्षम नेतृत्व र भरपूर भौतिक बस्तुहरूको खाँचो पर्दछ । अतः स्थानीय सरकारको संस्थागत क्षमता विकास र मानव संसाधन विकासमा हुने परिपक्वता अनुभव, ज्ञान, सीप र सोही अनुसारको धारणाले मात्र स्थानीय जनताको जन अपेक्षा सम्बोधन गर्न सक्छ ।

यसै तथ्यलाई हृदयङ्गम गरी स्थानीय सरकारको क्षमता विकासका लागि अध्ययन गर्ने क्रममा संस्थागत क्षमता विश्लेषण र व्यक्तिगत क्षमता आवश्यकता मूल्याङ्कनको आधारमा विश्लेषण गर्ने कार्य भएको छ । थोरै अङ्क प्राप्त गरेका क्षेत्र तथा सूचकहरूसँग सम्बन्धित मुद्दाहरूका आधारमा क्षमता विकास रणनीति तर्जुमा गर्ने आधार तयार भएको छ । सुरुमा नगरपालिकामा निर्वाचित जनप्रतिनिधिहरू र कार्यरत कर्मचारीहरू सँग औपचारिक रूपमा आवश्यक सूचनाहरू सहित क्षमता विकासको वर्तमान अवस्था पहिचान गर्ने कार्य भयो भने दोस्रो चरणमा जनप्रतिनिधिहरू र शाखा प्रमुख कर्मचारीहरू सँग छलफल गरिएको थियो । तेस्रो चरणमा वडा सचिवहरू लगायत अन्य स्थानीय सरोकारवालाहरू सँग बसेर छलफल गरिएको थियो । दोस्रो चरणमा आयोजना गरिएको औपचारिक कार्यक्रममा ५ वटा विषयगत समितिसँग सम्बन्धित फारामहरू समूहगत छलफलबाट भर्ने कार्य भएको थियो । गोष्ठीको अन्त्यतिर पुनः वृहत् छलफल गरी विभिन्न क्षेत्रका क्षमता विकाससँग सम्बन्धित तालिमहरूको पहिचान समेत गरिएको थियो । यो छलफलमा विशेष गरी रण नैतिक व्यवस्थापन, योजना तर्जुमा, खाता व्यवस्थापन, सूत्र, वित्तीय जोखिम न्यूनीकरण, वार्षिक योजना र बजेट,राजस्व, सामुदायिक मध्यस्थता, अनुगमन र कार्यान्वयन, हाल प्रयोगमा आएका विभिन्न प्रकारका कानुनहरूका बारेमा जानकारी, समन्वय सम्बन्ध विकास मानव संसाधन व्यवस्थापन, समुदाय परिचालन, बोर्ड बैठक तथा सभा सञ्चालन, सूचना तथा प्रविधिको प्रयोग, क्षमता विकास योजना, नागरिक संलग्नता, प्रकोप व्यवस्थापन आदि प्रमुख रहेका थिए ।

## ३.८ संस्थागत क्षमता विकास योजना

स्थानीय सरकारले आफ्नो संवैधानिक तथा अन्य कानुनी जिम्मेवारीहरू प्रभावकारी रूपमा पुरा गर्नका लागि सक्षम छ भन्ने सु निश्चितता गर्न स्थानीय तहको संस्थागत सबल पक्ष र सुधार गर्नुपर्ने पक्षहरूको नियमित रूपमा विश्लेषण गर्न आवश्यक छ । संविधान बमोजिम स्थानीय तह स्वायत्त भएकोले आफ्नै नेतृत्वमा आफ्नो संस्थाको

स्व मूल्याङ्कन गर्न बढी प्रभावकारी हुनुको साथै व्यवहारिक पनि हुने भएकोले स्थानीय तहको संस्थागत क्षमता मूल्याङ्कन पद्धतिको विकास गरिएको हो । यस पद्धतिले स्थानीय तहको संस्थागत क्षेत्रमा रहेका सबल पक्षहरू र सुधार गर्नुपर्ने पक्षहरूको लेखाजोखा गर्न मद्दत पुर्याउँछ । स्थानीय तहको कार्य क्षमता र सेवा प्रवाहका विषयहरू अति नै महत्त्वपूर्ण छन् । क्षमता मूल्याङ्कन पद्धतिले सम्बन्धित स्थानीय तहको अवसर र चुनौतीहरू पहिचान गर्न रण नैतिक कार्य योजना तयार गरी कार्यदक्षता अभिवृद्धि गर्न मद्दत पुर्याउँछ ।

बेनी नगरपालिकाको संस्थागत स्व मूल्याङ्कनको अवस्था हेर्दा समग्र क्षमताको स्तर उत्कृष्ट अर्थात् ९१.५% अङ्क प्राप्त गर्न सफल भएको छ । विषयगत क्षेत्रहरूको अलग- अलग क्षमता विश्लेषण गर्दा शासकीय प्रबन्ध, सङ्गठन तथा प्रशासन, वार्षिक बजेट तथा योजना व्यवस्थापन न्यायिक कार्य सम्पादन र सामाजिक समावेशीकरण गरी ५ वटा सूचकमा १०० प्रतिशत अङ्क प्राप्त गर्न सफल भएको छ । त्यसैगरी वित्तीय तथा आर्थिक व्यवस्थापन ९५.४५ प्रतिशत, सेवा प्रवाहमा ९१ प्रतिशत, समन्वय र सहकार्यमा ८३.३३ प्रतिशत, भौतिक पूर्वाधार क्षेत्रमा ७७ प्रतिशत र वातावरण संरक्षण तथा विपद् व्यवस्थापनमा ७२.२२ प्रतिशत गरेका छन् ।

संस्थागत स्व मूल्याङ्कनका उल्लिखित क्षेत्रसँग सम्बन्धित सूचकहरूमा देखिएका खाली (Gaps), जस्तै कार्य योजना तयार गर्दा ध्यानमा राखिएका आधारहरू, लगायत SWOT Analysis बाट प्राप्त सारांश, विभिन्न समूहहरूबाट प्राप्त सूचनाहरू, औपचारिक तथा अनौपचारिक रूपमा शाखाहरूबाट प्राप्त तथ्याङ्क सहितका अवस्थाहरू,जनप्रतिनिधिहरू तथा कर्मचारीहरूका तालिमहरू, क्षमता विकास (आवश्यकता विश्लेषण सारांश) आदि रहेका छन् ।

माथि उल्लिखित Gaps को प्रभावकारी रूपमा सम्बोधन गर्नका लागि जारी गरिएको ३ वर्षे क्षमता विकास योजना कार्यान्वयनको लागि क्षमता विकासका विभिन्न १० वटा क्षेत्रहरूमा जम्मा रु २८१८५०००/- अक्षेरेपि दुई करोड एकासी लाख पचासी हजार बराबरको खर्च बजेट प्रस्ताव गरिएको छ जसबाट संस्थागत विकासको अतिरिक्त जनप्रतिनिधिहरू, कर्मचारीहरू, लगायत सामुदायिक अगुवाहरू समेत लाभान्वित हुने अपेक्षा गरिएको छ ।

**तालिका ६: बेनी नगरपालिका को ३ वर्षे (२०८१/०८२ देखि २०८३/०८४) क्षमता विकास योजना**

| क्षमता विकाससँग सम्बन्धित क्षेत्रहरू | क्षमता विकासको लागि प्रस्तावित क्रियाकलापहरू | एकाइ | परिमाण | कार्यान्वयन वर्ष र आवश्यक बजेट | | | | लागत व्यहोर्ने स्रोत | लक्षित क्षेत्र | प्राथमिकता क्रम |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | २०८१/०८२ | २०८२/०८३ | २०८३/०८४ | जम्मा | | | |
| | भौतिक स्रोत साधन व्यवस्थापनसँग सम्बन्धित | | | | | | | | | |
| शासकीय प्रबन्ध | सबै कार्यक्रमहरूको वार्षिक रूपमा सार्वजनिक सुनुवाइ, सार्वजनिक परीक्षण, सामाजिक परीक्षण, होर्डिङ बोर्डको व्यवस्थापन आदि कार्य नियमित गर्ने, | एकमुस्ट वार्षिक | १२ | ५०० | ५०० | ५०० | १५०० | चालू | संस्थागत क्षमता | १ |
| वित्तीय आर्थिक व्यवस्थापन | पालिका को हक भोगमा रहेका जग्गाहरूको पहिचान नाप जाँच र अद्यावधिक तथा अभिलेखीकरण, पालिका को स्वामित्वमा रहेको तर अभिलेख नभएका अचल सम्पत्तिहरू (भवन मेसिनरी तथा सवारी साधनहरू) को मूल्याङ्कन तथा अद्यावधिक | पटक | १ | २०० | २०० | २०० | ६०० | चालू | संस्थागत क्षमता | २ |
| वित्तीय आर्थिक व्यवस्थापन | पालिका मा रहेका सार्वजनिक महत्त्वका क्षेत्रहरू (धार्मिक, पर्यटकीय, ऐतिहासिक,) को अध्ययन तथा संरक्षण गर्नु का साथै उपयोगका लागि विस्तृत अध्ययन तथा कार्य योजना तयारी र कार्यान्वयन | पटक | १ | ८०० | ० | ० | ८०० | चालू | संस्थागत क्षमता | ३ |
| वित्तीय आर्थिक व्यवस्थापन | वडा कार्यालयको सेवालाई प्रभावकारी बनाउनको लागि ८ वटा सवारीका साधनहरू, (मोटर साइकल, स्कुटर), खरिद | पटक | ८ | ८०० | ८०० | ६०० | २२०० | चालू | संस्थागत | १ |

| क्षमता विकाससँग सम्बन्धित क्षेत्रहरू | क्षमता विकासको लागि प्रस्तावित क्रियाकलापहरू | एकाइ | परिमाण | कार्यान्वयन वर्ष र आवश्यक बजेट | | | | लागत व्यहोर्ने स्रोत | लक्षित क्षेत्र | प्राथमिकता क्रम |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | २०८१/०८२ | २०८२/०८३ | २०८३/०८४ | जम्मा | | | |
| वित्तीय आर्थिक व्यवस्थापन | वडा कार्यालयलाई ल्यापटप र डेस्कटप लगायतका प्रविधिहरूको खरिद तथा व्यवस्थापन | पटक | १० | ५०० | २५० | ० | ७५० | चालू | संस्थागत क्षमता | १ |
| वित्तीय आर्थिक व्यवस्थापन | वडा कार्यालयहरूमा फर्निचर तथा फर्निसिङ व्यवस्थापन | पटक | १० | ४०० | ३०० | ३०० | १००० | चालू | संस्थागत | १ |
| वित्तीय आर्थिक व्यवस्थापन | पालिका क्षेत्रभित्र सञ्चालनमा आएका व्यवसायहरूको दर्ता तथा नवीकरणका लागि वडा स्तरमा अभिमुखीकरण | पटक | ३ | १०० | १०० | १०० | ३०० | चालू | मानव संसाधन | १ |
| न्यायिक कार्यसम्पादन | वडा कार्यालयमा मेलमिलाप केन्द्रको स्तर उन्नति | सङ्ख्या | १० | ५०० | ५०० | ५०० | १५०० | बाह्य | संस्थागत क्षमता | २ |
| सेवा प्रवाह | मानव संसाधन केन्द्र तथा विषयगत शाखा एवं वडा कार्यालयहरूमा सूचना प्रविधि लगायतको आधारभूत भौतिक साधन तथा उपकरण लजिष्टक सामाग्रीको व्यवस्था गर्ने । | वार्षिक | | ४०० | ४०० | २०० | १००० | चालू | संस्थागत क्षमता | ३ |
| सामाजिक समावेशीकरण | ज्येष्ठ नागरिक भेटघाट स्थल निर्माण | सङ्ख्या | १ | ५०० | ५०० | २०० | १२०० | बाह्य | संस्थागत क्षमता | २ |
| वातावरण संरक्षण तथा विपद् व्यवस्थापन | स्थानीय बजारका बासिन्दाहरूलाई प्रति घर कुहिने र नकुहिने फोहोर सङ्कलन डष्टविन | सङ्ख्या | ७०० | ५०० | ५०० | ५०० | १५०० | बाह्य | संस्थागत क्षमता | २ |
| **भौतिक स्रोत साधन व्यवस्थापनसँग सम्बन्धितको जम्मा** | | | | **५२००** | **४०५०** | **३१००** | **१२३५०** | | | |

| क्षमता विकाससँग सम्बन्धित क्षेत्रहरू | क्षमता विकासको लागि प्रस्तावित क्रियाकलापहरू | एकाइ | परिमाण | कार्यान्वयन वर्ष र आवश्यक बजेट | | | | लागत व्यहोर्ने स्रोत | लक्षित क्षेत्र | प्राथमिकता क्रम |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | २०८१/०८२ | २०८२/०८३ | २०८३/०८४ | जम्मा | | | |
| | नीति, योजना, ऐन/नियम/कार्यविधि प्रक्रियासँग सम्बन्धित | | | | | | | | | |
| शासकीय प्रबन्ध | आगामी ३ वर्षभित्र मानव संसाधन शाखालाई स्तर उन्नति गरी पालिका को तालिम केन्द्र वा प्रतिष्ठानको रूपमा संस्थागत विकास गरी पालिका स्तरका सबै तालिम, सीप विकास र क्षमता विकासका कार्यक्रमहरू एउटै छाता मुनी सञ्चालन गर्ने र तालिम वा क्षमता विकास कार्यक्रम आदिको पाठ्यक्रम निर्धारण, प्रशिक्षण विधि, तालिम अवधि निर्धारण एवं प्रशासनिक खर्च तथा कार्यक्रम खर्चको मापदण्ड आदि निर्धारण गर्ने । | पटक | ३ | १००० | १०००० | १०००० | ३००० | बाह्य | मानव संसाधन | २ |
| शासकीय प्रबन्ध | प्रमुख **अन्तरराष्ट्रिय तथा राष्ट्रिय दिवसहरूको सूची** तयार गरी पालिका स्तरमा ती दिवसहरू नियमित रूपमा मनाउनका लागि कार्यविधि तथा बजेट एवं सम्पर्क अधिकृतको व्यवस्था गर्ने । | पटक | १ | ३०० | ० | ० | ३०० | चालू | संस्थागत क्षमता | १ |
| सङ्गठन तथा प्रशासन | मानव संसाधन शाखालाई स्तर उन्नति गरी पालिका को **तालिम केन्द्र वा प्रतिष्ठानको रूपमा** संस्थागत विकास गरी पालिका स्तरका सबै तालिम, सीप विकास | पटक | २ | ० | ३०० | ३०० | ६०० | बाह्य | संस्थागत क्षमता | २ |

| क्षमता विकाससँग सम्बन्धित क्षेत्रहरू | क्षमता विकासको लागि प्रस्तावित क्रियाकलापहरू | एकाइ | परिमाण | कार्यान्वयन वर्ष र आवश्यक बजेट | | | | लागत व्यहोर्ने स्रोत | लक्षित क्षेत्र | प्राथमिकता क्रम |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | २०८१/०८२ | २०८२/०८३ | २०८३/०८४ | जम्मा | | | |
| | र क्षमता विकासका कार्यक्रमहरू एउटै छाता मुनी सञ्चालन गर्ने र तालिम वा क्षमता विकास कार्यक्रम आदिको पाठ्यक्रम निर्धारण, प्रशिक्षण विधि, तालिम अवधि निर्धारण एवं प्रशासनिक खर्च तथा कार्यक्रम खर्चको मापदण्ड आदि निर्धारण गर्ने । | | | | | | | | | |
| सङ्गठन तथा प्रशासन | निर्माण भइसकेको सङ्गठन तथा व्यवस्थापन (O&M) सम्बन्धी प्रतिवेदनलाई कार्यान्वयन गर्ने | पटक | १ | १०० | ० | ० | १०० | चालू | संस्थागत क्षमता | ३ |
| वित्तीय आर्थिक व्यवस्थापन | राजस्व सुधार कार्य योजनाको कार्यान्वयन र सोको डिजिटलाइजेसन | पटक | १ | ० | ७०० | ० | ७०० | बाह्य | मानव संसाधन | २ |
| आर्थिक बजेट तथा योजना व्यवस्थापन | मध्यावधि खर्च संरचनाको अभिमुखीकरण,तयारी तथा अद्यावधिक | पटक | १ | ८०० | ० | ० | ८०० | बाह्य | संस्थागत क्षमता | २ |
| आर्थिक बजेट तथा योजना व्यवस्थापन | क्षमता विकास योजनाको समीक्षा तथा अद्यावधिक | पटक | ३ | १०० | १०० | १०० | ३०० | बाह्य | संस्थागत क्षमता | ३ |
| आर्थिक बजेट तथा योजना व्यवस्थापन | राजस्व सुधार कार्य योजनाको समीक्षा तथा अद्यावधिक | पटक | ३ | १०० | १०० | १०० | ३०० | बाह्य | संस्थागत क्षमता | २ |
| सेवा प्रवाह | सबै कर्मचारीहरूको कार्य विवरण तयार गरी प्रमुख प्रशासकीय अधिकृतले नगरपालिकाका प्रमुखसँग र अन्य कर्मचारीहरू ले प्रमुख प्रशासकीय अधिकृतसँग कार्य सम्पादन सम्झौता गर्ने | पटक | १ | २५ | २५ | २५ | ७५ | चालू | संस्थागत क्षमता | १ |

| क्षमता विकाससँग सम्बन्धित क्षेत्रहरू | क्षमता विकासको लागि प्रस्तावित क्रियाकलापहरू | एकाइ | परिमाण | कार्यान्वयन वर्ष र आवश्यक बजेट | | | | लागत व्यहोर्ने स्रोत | लक्षित क्षेत्र | प्राथमिकता क्रम |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | २०८१/०८२ | २०८२/०८३ | २०८३/०८४ | जम्मा | | | |
| सेवा प्रवाह | सेवा ग्राही मैत्री कार्यस्थल विन्यास **(Layout)** निर्माण गर्ने, | पटक | १ | ० | ० | २०० | २०० | बाह्य | संस्थागत क्षमता | ३ |
| सामाजिक समावेशीकरण | नियमित रूपमा लैससास परीक्षण | पटक | ३ | २०० | २०० | २०० | ६०० | चालू | संस्थागत क्षमता | १ |
| सामाजिक समावेशीकरण | लैससास रणनीतिको कार्यान्वयन | एकमुस्ट | ३ | ८०० | १००० | ३०० | २१०० | चालू | संस्थागत क्षमता | २ |
| वातावरण संरक्षण तथा विपद् व्यवस्थापन | विपद् व्यवस्थापन, वातावरण सुधार सम्बन्धी नीति तथा कार्यविधि र गुरुयोजना तर्जुमा | सङ्ख्या | १ | ५०० | ० | ० | ५०० | बाह्य | संस्थागत क्षमता | २ |
| सहकार्य र समन्वय | सङ्घ, प्रदेश र स्थानीय तह तथा अन्य स्थानीय निकायहरूसँग कार्य गत सम्बन्ध स्थापना गरी विकास निर्माण तथा सेवा प्रवाहमा दोहोरो नपर्ने गरी एक द्वार प्रणालीको विकास गर्ने | एकमुस्ट | | ० | १५० | २०० | ३५० | चालू | संस्थागत क्षमता | २ |
| सहकार्य र समन्वय | निजी क्षेत्र र गैर सरकारी क्षेत्र समन्वय कार्यविधि तर्जुमा गरी लागू गर्ने | पटक | १ | ० | ४०० | ० | ४०० | चालू | संस्थागत क्षमता | २ |
| नीति, योजना, ऐन/नियम/कार्यविधि प्रक्रियासँग सम्बन्धितको जम्मा | | | | **३९२५** | **३९७५** | **२४२५** | **१०३२५** | | | |

| क्षमता विकाससँग सम्बन्धित क्षेत्रहरू | क्षमता विकासको लागि प्रस्तावित क्रियाकलापहरू | एकाइ | परिमाण | कार्यान्वयन वर्ष र आवश्यक बजेट | | | | लागत व्यहोर्ने स्रोत | लक्षित क्षेत्र | प्राथमिकता क्रम |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | २०८१/०८२ | २०८२/०८३ | २०८३/०८४ | जम्मा | | | |
| | मानव संसाधन प्राप्तिसँग सम्बन्धित | | | | | | | | | |

| क्षमता विकाससँग सम्बन्धित क्षेत्रहरू | क्षमता विकासको लागि प्रस्तावित क्रियाकलापहरू | एकाइ | परिमाण | कार्यान्वयन वर्ष र आवश्यक बजेट | | | | लागत व्यहोर्ने स्रोत | लक्षित क्षेत्र | प्राथमिकता क्रम |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | २०८१/०८२ | २०८२/०८३ | २०८३/०८४ | जम्मा | | | |
| शासकीय प्रबन्ध | पालिका का मूल्याङ्कन सूचकहरू जस्तै **LISA\FRRA\ILED** आदिका लागि सम्पर्क व्यक्ति तथा वैकल्पिक सम्पर्क व्यक्तिका लागि पुनर्ताजगी सीप विकास सम्बन्धी तालिम | एकमुस्ट | ३ | २०० | २०० | २०० | ६०० | चालू | मानव संसाधन | २ |
| शासकीय प्रबन्ध | वडा सचिवहरूलाई पञ्जीकरण सम्बन्धी विषयमा पुनर्ताजगी तालिम कार्यक्रम | पटक | १ | १०० | ० | ० | १०० | बाह्य | संस्थागत क्षमता | १ |
| सङ्गठन तथा प्रशासन | विषयगत शाखा, राजनैतिक दल, स्थानीय गैसस, सञ्चार क्षेत्र, निजी क्षेत्रका प्रतिनिधिहरूसँग पालिका को सङ्गठनात्मक संस्थागत व्यवस्था कार्यप्रणाली र अनुगमन प्रक्रिया र सूचना प्रवाहका सम्बन्धमा अभिमुखीकरण | पटक | ३ | २०० | २०० | २०० | ६०० | चालू | मानव संसाधन | ३ |
| सङ्गठन तथा प्रशासन | अध्ययन अवलोकन भ्रमण | पटक | ३ | १००० | १००० | १००० | ३००० | बाह्य | संस्थागत क्षमता | ३ |

| क्षमता विकाससँग सम्बन्धित क्षेत्रहरू | क्षमता विकासको लागि प्रस्तावित क्रियाकलापहरू | एकाइ | परिमाण | कार्यान्वयन वर्ष र आवश्यक बजेट | | | | लागत व्यहोर्ने स्रोत | लक्षित क्षेत्र | प्राथमिकता क्रम |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | २०८१/०८२ | २०८२/०८३ | २०८३/०८४ | जम्मा | | | |
| सङ्गठन तथा प्रशासन | कार्यालय व्यवस्थापन, सुरक्षा तथा सेवा प्रवाहमा सहयोगी नगर प्रहरी र कर्मचारीहरूको काम, कर्तव्य र अधिकारको बारेमा तालिम | एकमुस्ट | | २५० | २५० | ० | ५०० | चालू | संस्थागत क्षमता | ३ |
| वित्तीय आर्थिक व्यवस्थापन | निजी व्यवसायी र टोल वस्ति सङ्गठनका प्रतिनिधिहरूलाई पालिका बाट लगाइने कर शुल्क दस्तुर जरिबाना र सेवा शुल्कको विषयमा अभिमुखीकरण तथा क्षमता विकास तालिम | पटक | १ | ५०० | ५०० | ५०० | १५०० | चालू | संस्थागत क्षमता | ३ |
| आर्थिक बजेट तथा योजना व्यवस्थापन | स्थानीय सरकारसँग सम्बन्धित सहभागितात्मक योजना तर्जुमाका चरणहरू बारेमा वडास्तरका जनप्रतिनिधिहरू तथा वडा सचिवहरूलाई अभिमुखीकरण | जना | ४५ | १०० | ३०० | १०० | ५०० | बाह्य | मानव संसाधन | १ |
| आर्थिक बजेट तथा योजना व्यवस्थापन | आवधिक योजनाको अभिमुखीकरण तर्जुमा तथा अद्यावधिक | एकमुस्ट | | ५० | ५० | ५० | १५० | बाह्य | संस्थागत क्षमता | ३ |

| क्षमता विकाससँग सम्बन्धित क्षेत्रहरू | क्षमता विकासको लागि प्रस्तावित क्रियाकलापहरू | एकाइ | परिमाण | कार्यान्वयन वर्ष र आवश्यक बजेट | | | | लागत व्यहोर्ने स्रोत | लक्षित क्षेत्र | प्राथमिकता क्रम |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | २०८१/०८२ | २०८२/०८३ | २०८३/०८४ | जम्मा | | | |
| सेवा प्रवाह | नगरपालिकामा चल्ने सवारी साधन बस**देखि ट्याक्टर** सम्मका सवारी चालकहरूलाई **ट्राफिक नियम तथा शिष्टाचार** सम्बन्धी अभिमुखीकरण कार्यक्रम | एकमुस्ट वार्षिक | | ५० | ५० | ५० | १५० | चालू | मानव संसाधन | १ |
| सेवा प्रवाह | भूकम्प प्रतिरोधी घर तथा संरचना निर्माणका लागि स्थानीय **ठेकेदार तथा मिस्त्रीहरूका** लागि नमुना युक्त सीप विकास तालिम सञ्चालन गर्ने । | एकमुस्ट वार्षिक | | २० | २० | २० | ६० | चालू | संस्थागत क्षमता | १ |
| सेवा प्रवाह | पालिका को समग्र कार्य तथा सेवा प्रवाहका लागि कार्य सञ्चालन कार्यविधि **(Standard Operating Procedure)** को तर्जुमा गर्ने । | पटक | ३ | १०० | १०० | १०० | ३०० | बाह्य | संस्थागत क्षमता | १ |
| सेवा प्रवाह | सार्वजनिक जवाफदेहिताका औजारहरूको प्रयोगको | पटक | ३ | ३०० | २०० | १५० | ६५० | चालू | संस्थागत क्षमता | १ |

| क्षमता विकाससँग सम्बन्धित क्षेत्रहरू | क्षमता विकासको लागि प्रस्तावित क्रियाकलापहरू | एकाइ | परिमाण | कार्यान्वयन वर्ष र आवश्यक बजेट | | | | लागत व्यहोर्ने स्रोत | लक्षित क्षेत्र | प्राथमिकता क्रम |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | २०८१/०८२ | २०८२/०८३ | २०८३/०८४ | जम्मा | | | |
| | आधार र विश्लेषण, क्षमता विकास प्रशिक्षण (Citizen Report card, Exit poll, Community score card, Public Expenditure, Tracking) | | | | | | | | | |
| भौतिक पूर्वाधार | जिआइएस सम्बन्धी तालिम र घर नम्बरी ङ सम्बन्धी अभिमुखीकरण | एकमुस्ट | | ५०० | ० | ० | ५०० | बाह्य | मानव संसाधन | २ |
| सामाजिक समावेशीकरण | लक्षित जनप्रतिनिधिहरू र दलित वर्गका स्थानीय सङ्ग सङ्गठनका प्रमुख तथा प्रतिनिधिहरूलाई ७ दिनको जातीय विभेद अन्त्य, छुवाछूत लगायत लैङ्गिक विभेदको अन्त्य सम्बन्धी तालिम | एकमुस्ट वार्षिक | | ३०० | ३०० | ३०० | ९०० | चालू | मानव संसाधन | १ |
| वातावरण संरक्षण तथा विपद् व्यवस्थापन | प्रत्येक वडामा विपद् व्यवस्थापन सम्बन्धी स्वयंसेवक कार्य दल गठन गरी आवश्यक ज्ञान र सीप प्रदान गर्ने | एकमुस्ट वार्षिक | | १५० | १५० | १५० | ४५० | चालू | संस्थागत क्षमता | २ |
| सहकार्य र समन्वय | सामुदायिक संस्थाहरू गठन र परिचालन | एकमुस्ट वार्षिक | | २०० | १०० | १०० | ४०० | चालू | संस्थागत क्षमता | २ |
| **मानव संसाधन प्रासिसँग सम्बन्धितको जम्मा** | | | | ४४२० | ३८२० | ३२२० | ११४६० | | | |

| क्षमता विकाससँग सम्बन्धित क्षेत्रहरू | क्षमता विकासको लागि प्रस्तावित क्रियाकलापहरू | एकाइ | परिमाण | कार्यान्वयन वर्ष र आवश्यक बजेट | | | | लागत व्यहोर्ने स्रोत | लक्षित क्षेत्र | प्राथमिकता क्रम |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | २०८१/०८२ | २०८२/०८३ | २०८३/०८४ | जम्मा | | | |
| | तालिम,गोष्ठी,अध्ययन,अनुसन्धानसँग सम्बन्धित | | | ० | ० | ० | ० | | | |
| शासकीय प्रबन्ध | सूचना केन्द्रको स्थापना, सञ्चालन तथा व्यवस्थापन सम्बन्धी तालिम | जना | ५ | २०० | २०० | ० | ४०० | चालू | मानव संसाधन | २ |
| शासकीय प्रबन्ध | नगर नागरिक सचेतन कार्यक्रम सहित सामाजिक मुद्दाहरू एफ एम तथा पत्रपत्रिकामा प्रसारण | पटक | ३ | २०० | २०० | २०० | ६०० | बाह्य | मानव संसाधन | २ |
| सङ्गठन तथा प्रशासन | सम्पूर्ण जन प्रतिनिधि र कर्मचारीहरूलाई प्रशासन, स्थानीय कानुन, योजना तर्जुमा, प्रशासन, जिन्सी, क्षमता विकास, लैससास, सीप विकास लगायतका विषयमा तालिम | पटक | १ | २०० | ० | ० | २०० | चालू | संस्थागत क्षमता | १ |
| न्यायिक कार्यसम्पादन | **कार्यसम्पादन कोषको** स्थापना गरी नतिजा तथा कार्यसम्पादनमा आधारित **कर्मचारी प्रोत्साहन कार्यक्रम** | पटक | ३ | १०० | १०० | १०० | ३०० | बाह्य | मानव संसाधन | १ |
| सेवा प्रवाह | उपभोक्ता समूह, टोल, वस्ति, सङ्गठनलाई परियोजना व्यवस्थापन तालिम | पटक | ३ | १०० | १०० | १०० | ३०० | चालू | मानव संसाधन | १ |
| भौतिक पूर्वाधार | सुरक्षित भवन निर्माणको लागि मिस्त्रीहरूलाई सीप विकास तालिम | जना | ५० | ३०० | १०० | १०० | ५०० | चालू | मानव संसाधन | २ |
| भौतिक पूर्वाधार | उपभोक्ता समितिहरूलाई तालिम | पटक | ३ | २०० | २०० | २०० | ६०० | चालू | मानव संसाधन | २ |
| सामाजिक समावेशीकरण | श्रीमान श्रीमती जोडीलाई लैङ्गिकता तथा लैससास र सशक्तिकरण सम्बन्धी तालिम | जना | ९० | २०० | २०० | २०० | ६०० | चालू | मानव संसाधन | १ |
| सामाजिक समावेशीकरण | बाल मैत्री स्थानीय शासन सम्बन्धी तालिम र विद्यालय तथा वडा घोषणा कार्यक्रम | पटक | १५ | ५०० | ५०० | ५०० | १५०० | बाह्य | संस्थागत क्षमता | १ |

| क्षमता विकाससँग सम्बन्धित क्षेत्रहरू | क्षमता विकासको लागि प्रस्तावित क्रियाकलापहरू | एकाइ | परिमाण | कार्यान्वयन वर्ष र आवश्यक बजेट | | | | लागत व्यहोर्ने स्रोत | लक्षित क्षेत्र | प्राथमिकता क्रम |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | २०८१/०८२ | २०८२/०८३ | २०८३/०८४ | जम्मा | | | |
| वातावरण संरक्षण तथा विपद् व्यवस्थापन | फोहर मैला व्यवस्थापन तालिम | पटक | ३ | १०० | २०० | १०० | ४०० | बाह्य | संस्थागत क्षमता | २ |
| वातावरण संरक्षण तथा विपद् व्यवस्थापन | जोखिम न्यूनीकरण तथा विपद् व्यवस्थापन नीति तर्जुमा र जोखिम न्यूनीकरण तालिम | पटक | ३ | १०० | १०० | १०० | ३०० | बाह्य | मानव संसाधन | २ |
| | **तालिम,गोष्ठी,अध्ययन,अनुसन्धानसँग सम्बन्धितको जम्मा** | | | १८०० | १५०० | १३०० | ४६०० | | | |
| | **रु. दुई करोड एकासी लाख पचासी हजार** | | | ११९४५ | १०७९५ | ८२४५ | २८१८५ | | | |

## ३.९ क्षमता विकास योजना कार्यान्वयनका सिद्धान्तहरू

**क्षमता विकास योजना कार्यान्वयनको सन्दर्भमा देहायका सिद्धान्तहरूलाई अवलम्बन गरिनेछ ।**

(क) **पारदर्शीता क्षमता विकास** योजना कार्यान्वयनका गतिविधिहरू र खर्चिएको बजेटलाई सार्वजनिक सुनुवाइ गर्नका साथै माग गर्ने सरोकारवालाहरूलाई सूचना उपलब्ध गराइनेछ ।

(ख) **समन्वय र सहकार्य** क्षमता विकास योजनालाई तोकिएको अवधिभित्र प्रभावकारी रूपमा सञ्चालन गरी सम्पन्न गर्नका लागि समन्वय र सहकार्यका आधारमा बाह्य स्रोतको खोजी गरिनेछ ।

(ग) **अन्याय, असमानता र विभेद शून्य** नगरपालिका भित्र वा बाहिर औपचारिक वा अनौपचारिक कुनै कार्यक्रममा पनि सामाजिक, आर्थिक, राजनैतिक वा अन्य कुनै पनि प्रकारले कुनै नगरवासी बीच विभेद गरिने छैन ।

(घ) **योगदानमा आधारित कार्यक्रम** क्षमता विकास योजना कार्यान्वयनमा बाह्य स्रोतको खोजी गरे पनि यसको नेतृत्व बेनी नगरपालिका आफैले लिइनेछ ।

## ३.१० क्षमता विकास योजना कार्यान्वयनका रणनीतिहरू

(क) कार्य विवरणका आधारमा कार्य सम्पादन गर्ने प्रणालीलाई प्रवर्द्धन गरिनेछ ।

(ख) पद र क्षमता अनुसारको जिम्मेवारी वहन गर्ने वातावरण तयार गरिनेछ ।

(ग) आवश्यक भौतिक सुविधा, सरसफाइ तथा सूचना प्रविधिमा जोड दिइनेछ ।

(घ) विकासमा दोहोरो पन हटाउने, स्रोत साझेदारी गर्ने, एवं नगरपालिकाभित्र उपलब्ध हुने सेवाहरूको गुणस्तरमा अभिवृद्धि गरिनेछ ।

(ङ) सेवा प्रदायक र सेवा ग्राहीको क्षमता अभिवृद्धि गरी सहकार्यबाट योजना कार्यान्वयन गरिनेछ ।

(च) स्रोत साधनमा समान प्रकृतिको पहुँच विस्तार गर्नको साथै सकारात्मक वि भेद नीति अवलम्बन गरिनेछ।

## ३.११ क्षमता विकास योजना अनुगमन तथा कार्यान्वयन समन्वय समिति

नगरपालिकाको क्षमता विकास योजना प्रक्रियाको नेतृत्व तथा क्षमता विकास योजनाको कार्यान्वयनमा सहजी करण गर्नका लागि नगर प्रमुखद्वारा नगरपालिकाको क्षमता विकाससँग सम्बन्धित सम्पूर्ण पक्षहरूको समावेशी सहभागिता सुनिश्चित गरी कार्यपालिकाको कुनै एक सदस्यको संयोजकत्वमा पाँच सदस्यीय क्षमता विकास समन्वय समिति गठन गर्न सकिनेछ । समितिको सदस्य सचिव मानव संसाधन विकास वा कर्मचारी प्रशासन हेर्ने शाखा प्रमुखलाई तोक्दा कार्य सम्पादनमा सहज हुने देखिन्छ । पालिका मा प्रशासन वा सुशासन समिति गठन भएको अवस्थामा सोही समितिलाई यो जिम्मेवारी दिन सकिनेछ । समितिले तोकिएको अधिकार क्षेत्रभित्र रही देहाय बमोजिम आफ्नो जिम्मेवारी पुरा गर्न ध्यान केन्द्रित गर्नेछ ।

- क्षमता विकास योजनामा समावेश भएका कार्यक्रमहरू सञ्चालन गर्ने ।
- प्रत्येक त्रैमासिकमा क्षमता विकास योजनाको समीक्षा गर्ने ।
- क्षमता विकास योजनालाई सालबसाली अद्यावधिक गराउने ।
- क्षमता विकास योजना कार्यान्वयनमा नेतृत्व दायी भूमिका निर्वाह गर्ने ।
- क्षमता विकास सम्बन्धी नीति तथा रणनीतिहरू सभाबाट पारित गराई कार्यान्वयन गर्ने ।
- क्षमता विकास योजनाको अनुगमन गर्ने ।

# भाग चार - निष्कर्ष र सुझाव

## ४.१ निष्कर्ष

नेपालको संविधान अन्तर्गत स्थापित स्थानीय सरकारहरूले आफ्नो भूमिका निर्वाह गर्दै जवाफदेहितालाई दिगो रूपमा वहन गर्न उनीहरूको काम गर्ने तौर-तरिका तथा योजना तर्जुमाको शैली र चिन्तन परिवर्तित सन्दर्भ अनुरूप प्रभावकारी र परिणाम मुखी हुनु आवश्यक छ । यीनै विषयहरूलाई सम्बोधन गर्न स्थानीय सरकारका अवयवहरूको (संस्थागत र सङ्गठनात्मक व्यवस्था मानव संसाधन तथा भौतिक पूर्वाधार) क्षमतामा सुधार ल्याउन आवश्यक छ । मानवीय सीप र क्षमताको अधिकतम उपयोग गर्दै जनसेवालाई प्रभावकारी बनाउने तथा जन चाहना अनुसार जिम्मेवारी पुरा गर्ने तर्फ लाग्नु स्थानीय सरकारको प्रमुख दायित्व हो ।

नगरपालिकाले नगर विकासका लागि लिएका दीर्घकालीन विकासका सोच, लक्ष्य र रणनीति तथा कार्य नीतिहरू नै नगर सभाबाट निरन्तर रूपमा सार्वजनिक गर्दै नगरको स्वरूपमा परिवर्तनको प्रतिबद्धता सहित दूरगामी महत्त्वका  कार्यक्रमहरूलाई प्राथमिकता दिएको देखिन्छ । जन चाहना अनुसार योजना तर्जुमा गर्न र स्वीकृत कार्यक्रमलाई प्रभावकारी रूपमा सञ्चालन गर्न आवश्यक कानुनी आधार, साधन, स्रोत, जनशक्ति, काम गर्ने उचित वातावरण सबै उपलब्ध हुँदा हुँदै पनि समग्रमा कार्य सम्पादनको स्तर र उपलब्धिबाट सन्तोष गर्ने ठाउँ देखिँदैन । यो तथ्यबाट स्पष्ट हुन्छ की स्थानीय तहले ठूला सपना बाँड्नु र प्रतिबद्धता गर्नु पहिले आफ्नो मौजुदा सङ्गठनात्मक एवं जनशक्तिको कार्य सम्पादन क्षमता, दक्षता र सीपको आकलन गरी क्षमता अभिवृद्धि गर्ने कार्यलाई उच्च प्राथमिकता दिनुपर्ने हुन्छ ।

नगरपालिकालाई सक्षम, सबल र गतिशील नगरपालिकाको रूपमा अगाडि बढाउनको लागि यसका अवयवहरू जस्तै भवन सहितको भौतिक सामाग्रीहरू, आवश्यकता अनुसारको आधुनिक प्रविधि लगायतको व्यवस्था हुनु पर्दछ भने अर्को तर्फ ज्ञान, सीप र धारणाले योग्य तालिम प्राप्त जनशक्तिको आवश्यकता पर्दछ । नगरवासीको चाहना पनि  नगरपालिकाबाट उपलब्ध गराउने सेवा सुविधाहरू छिटो छरितो एवम् प्रभावकारी रूपमा झन्झटरहित तरिकाले सम्पादन होस भन्ने हो । यसका लागि नगरपालिकाको अवरोधको रूपमा रहेका प्रणाली गत र संस्थागत समस्या तथा चुनौतीहरूको सही पहिचान र समाधानको लागि उपयुक्त कदम चाल्नु पर्ने हुन्छ । यसका लागि नगरपालिकाले एकातिर आफ्नो साधन स्रोतको उपयोगमा ध्यान केन्द्रित गर्नुपर्ने हुन्छ भने अर्को तर्फ योग्य र सक्षम व्यक्तिलाई रुची र विज्ञता भएको क्षेत्रको जिम्मेवारी सहितको नेतृत्व सुम्पिने वातावरण तयार गर्नु पर्दछ । यो सँगसँगै पुरस्कार र दण्डको नीतिलाई निष्पक्ष तथा भयरहित रूपमा लागू गर्नुपर्ने हुन्छ । अहिले स्थानीय सरकार अन्तर्गत रहेका जनप्रतिनिधिहरू र केही हदसम्म कर्मचारी तन्त्रमा समेत देखिएको अति राजनीतिकरणलाई निरुत्साहसित गरी सबैको ध्यान विकास र सेवा प्रवाहमा केन्द्री कृत गर्नका लागि

आवश्यकता अनुसारको आचार संहिता निर्माण गरी लागू गर्न सकिन्छ । यसबाट स्थानीय तहहरू सहज रूपमा सञ्चालन हुनुको साथै सेवा प्रवाहमा पनि सहजता आउन सक्ने देखिन्छ ।

